का.जि.प्र.का.द.नं. १००/०५९/६०


६ मंसिर २०८१,
बिहीबार
21 November, 2024
Thursday
मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक २७२ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

## आँखीझ्याल



इजरायल–प्यालेस्टाइन युद्धमा तटस्थ नबस्न ध्यानाकर्षण

३



संकटमा जैविक विविधता

४



७२ जनालाई विशिष्ट श्रेणीको चलचित्रकर्मी परिचयपत्र प्रदान

८

१२ अर्ब ७२ करोड रूपैयाँको विद्युत् भारत निर्यात



१०

भारतीय सेनाध्यक्ष नेपालमा

# गोर्खा भर्ती र सैन्य ऋणबारे नेपाल–भारत चासो



**निमिष झा / मध्यान्ह**
काठमाडौं, ५ मंसिर ।

प्रधानसेनापति अशोकराज सिग्देलको औपचारिक निमन्त्रणामा भारतका स्थल सेनाध्यक्ष जनरल उपेन्द्र द्विवेदी ५ दिने भ्रमणको क्रममा बुधबार काठमाडौं आएका छन् ।

गत १६ असारमा सेनाध्यक्ष भएका द्विवेदीको यो पहिलो नेपाल भ्रमण हो । ५ सदस्यीय भ्रमण दलमा उनकी श्रीमती तथा भारतीय सेनाको सैनिक श्रीमती कल्याण संघकी अध्यक्ष सुनिता द्विवेदी पनि सहभागी छन् ।

भ्रमणका क्रममा जनरल द्विवेदीलाई बिहीबार राष्ट्रपति रामचन्द्र पौडेलले नेपाली सेनाको मानार्थ महारथीको दर्जा प्रदान गर्ने कार्यक्रम छ । यो कार्यक्रम राष्ट्रपति भवन शीतल निवासमा हुनेछ । नेपाल र भारतबीच सन् १९५० देखि एकअर्को देशका सेना प्रमुखलाई मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गर्ने परम्परा छ ।

यसअघि भारतका राष्ट्रपति रामनाथ कोविन्दले नेपालका तत्कालीन प्रधानसेनापति प्रभुराम शर्मालाई २४ कात्तिक २०७८ मा भारतीय स्थलसेनाको मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गरेका थिए ।

> अमेरिकाको राष्ट्रपतिमा निर्वाचित डोनाल्ड ट्रम्प र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीचको सम्बन्धले दक्षिण एसियाको भूराजनीतिमा प्रभाव पार्न सक्ने अनुमान गरिएका बेला यी २ देशका उच्च सैनिक अधिकारीको नेपाल भ्रमणले नेपालमा राजनीतिक चासो बढेको हो

यसअघिका भारतीय स्थल सेनाध्यक्ष मनोज पाण्डेलाई तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले २० भदौ २०७९ मा नेपाली सेनाको मानार्थ महारथी पद प्रदान गरेकी थिइन् ।

सन् १९५० मा भारतका सेनाध्यक्ष जनरल केएम परिअप्पालाई पहिलो पटक नेपाली सेनाको मानार्थ महारथी प्रदान गरिएको थियो । २०२६ सालमा तत्कालीन प्रधानसेनापति सुरेद्रबहादुर शाहलाई पनि पहिलो पटक भारतीय सेनाको मानार्थ महारथीबाट सुशोभित गरिएको थियो ।

मित्र राष्ट्रका उच्चपदस्थ सैनिक अधिकारीको यस किसिमको भ्रमणले २ देशबीचको सैनिक सम्बन्धलाई अझ विस्तार एवं प्रगाढ पार्न थप मद्दत पुग्ने नेपाली सेनाका प्रवक्ता गौरव केसीले बताए ।

भारतीय सेनाध्यक्षले राष्ट्रपति पौडेल, प्रधानमन्त्री केपी शर्मा ओली, रक्षामन्त्री मानवीर राईलगायतसँग भेटवार्तासमेत गर्ने छन् ।

द्विवेदीले १ नोभेम्बर २०२४ देखि भारतीय स्थल सेनाको २९औं प्रमुखको जिम्मेवारी सम्हालेका थिए । यसभन्दा अघि उनी उत्तरी क्षेत्रको सेनाको कमान्डर थिए ।

नेपाली सेनाका अनुसार सेनाध्यक्ष द्विवेदीले सैनिक मञ्च टुँडिखेलस्थित वीर स्मारकमा श्रद्धाञ्जलि अर्पण र जंगी अड्डामा सम्मान गारतको निरीक्षण गर्ने छन् । उनले कमान्ड तथा स्टाफ कलेजका विद्यार्थीसँग अन्तरक्रिया र पश्चिम पृतनाको भ्रमण गर्ने छन् ।

नेपाल भ्रमणका क्रममा सेनाध्यक्ष द्विवेदीले पशुपतिनाथ र मुक्तिनाथको दर्शन गर्नुका साथै पोखरा तथा सगरमाथा क्षेत्रको समेत अवलोकन भ्रमण गर्ने कार्यक्रम छ ।

नेपाल र भारतका सैनिकबीच विभिन्न तह र तप्कामा ‘सूर्यकिरण सैनिक अभ्यास’ पनि भइरहेको छ ।

### २ विषयमा मुख्य चासो

भारतीय सेनाध्यक्ष द्विवेदीको भ्रमणका क्रममा गोर्खा भर्ती र सैन्य ऋणबारे छलफल हुने संकेत अधिकारीहरूले दिएका छन् ।

२ देशका प्रधानसेनापतिबीच हुने भेटमा भारतको गोर्खा भर्तीमा नेपालीको सहभागिताका विषयका कुराकानी हुन सक्ने जनाइएको छ । भारत सरकारले भारतीय सेनामा लागू गरेको अग्निपथ योजनामा नेपालले असन्तुष्टि जनाएपछि गोर्खा भर्ती हुन सकेको छैन । भारत सरकारको यो योजना सन् १९४७ नोभेम्बरमा नेपाल, भारत र बेलायतबीच गोर्खा भर्तीसम्बन्धी त्रिपक्षीय सम्झौताअनुकूल नभएको नेपालको निष्कर्ष छ । >>> पृष्ठ २ मा

# रास्वपामा मतभेद

## सडक आन्दोलनको मोडेलमा कहिलेसम्म जान सकिन्छ र त्यसले जनतामा कस्तो अर्थ राख्छ भन्नेमा नेताहरूको राय बाझिएको देखिन्छ

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, ५ मंसिर ।

पार्टी सभापति रवि लामिछाने पक्राउ परेपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) आन्दोलनमा छ । १ महिनादेखिको आन्दोलनको विषयमा समीक्षा गरिरहेका नेताहरू आगामी आन्दोलनको मोडेलको विषयमा भने फरक मतका साथ प्रस्तुत हुन थालेका छन् ।

‘आन्दोलनलाई निरन्तरता दिने विषयमा एकमत छ । तर, अहिलेसम्म गर्दै आएको सडक आन्दोलनको मोडेलमा कहिलेसम्म जान सकिन्छ र त्यसले जनतामा कस्तो अर्थ राख्छ, त्यो ख्याल गर्नुपर्छ भन्ने मत बलियोगरी प्रस्तुत भएको छ’, रास्वपाका एक नेताले मध्यान्हसँग भने । उनका अनुसार आन्दोलनलाई निरन्तरता दिने विषयमा भने रास्वपाभित्र एकमत छ । सडक आन्दोलनको मोडेलमा भने नेताहरूको राय बाझिएको छ ।







लामिछाने गत २ कात्तिकमा काठमाडौंबाट पक्राउ परेका थिए । कास्कीस्थित सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाको रकम अपचलन प्रकरणमा लामिछाने पक्राउ परेका हुन् । लामिछानेविरुद्ध रुपन्देहीमा पनि उजुरी थियो । उजुर ीका आधारमा बुटवलको सुप्रिम सहकारीको रकम संगठित रूपमा ठगी गरेको आरोप पक्राउ पुर्जी जारी भएको थियो । यसबीचमा प्रहरीले लामिछानेको रुपन्देहीमा लगेर पनि बयान लिएको छ ।

रास्वपाका सभापति रवि लामिछानेविरुद्ध काठमाडौं जिल्ला अदालतबाट पनि पक्राउ पुर्जी जारी भएको छ । काठमाडौंको कालीमाटीमा रहेको स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारीको रकम अपचलनमा संलग्न रहेको आरोपमा रविसँगै नेपाल प्रहरीका पूर्वडीआईजी छविलाल जोशीविरुद्ध पनि पक्राउ पुर्जी जारी भएको हो ।

प्रहरीका अनुसार स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारीको रकम अपचलन भएको भनेर ६४५ जनाले जाहेरी दिएका छन् । उक्त सहकारीका अध्यक्ष जी. बी. राई थिए । उक्त सहकारीमा २ अर्ब ७४ करोड रुपैयाँ अपचलन भएको पीडितहरूको दाबी छ ।

लामिछानेविरुद्ध जिल्ला प्रहरी कार्यालय चितवनमा पनि जाहेरी परेको छ । लामिछाने र पूर्वडीआईजी जोशीसहित १० जनाविरुद्ध सहारा चितवन बहुउद्धेश्यीय सहकारी संस्थाका बचतकर्ताले जाहेरी दिएका हुन् ।

सहारा चितवनबाट गोरखा मिडिया नेटवर्कमा १० करोड ८० लाख १८ हजार रुपैयाँ अवैध तरिकाले गएको प्रहरीको प्रारम्भिक अनुसन्धान छ । गोरखा मिडियाका संचालक लामिछाने र जोशी अहिले प्रहरीको हिरासतमा छन् । प्रहरीले उनीहरूविरुद्ध सूर्यदर्शन, सुप्रिम र स्वर्णलक्ष्मी सहकारीको रकम अपचलन गरेको कसुरमा अनुसन्धान गरिरहेको छ ।

पुर्जी जारी हुने र अनुसन्धान लम्बिने अवस्थामा सडक आन्दोलनको विकल्प खोज्नुपर्छ भनेर रास्वपामा मतभेद देखापरेको हो । एक नेता भन्छन्, ‘रवि कहाँ कहाँ पुग्छन्, त्यहाँत्यहाँ आन्दोलन गर्दै जाने विषय कति ठिक हो भनेर पार्टीमा समीक्षा भएको छ ।’ समीक्षाका आधारमा आन्दोलनको प्रारूप बदल्ने निर्णय भएको छ । केन्द्रीय समिति वैठकले उपनिर्वाचन नजिकै आएको भनेर सडक आन्दोलनलाई चुनावी अभियानमा रूपान्तरण गर्ने निर्णय गरेको हो ।

केन्द्रीय सदस्य गणेश पराजुलीका अनुसार अब पार्टीका नेताहरू चुनावी अभियानमा केन्द्रित हुने छन् । त्यसलाई नै आन्दोलनको रूपमा अगाडि बढाइने छ ।

नेताहरूका अनुसार केन्द्रीय समितिको बैठकमा आन्दोलन चर्काउने र यसलाई अहिले बिसाउनुपर्ने २ थरि धारणा आएका थिए । आन्दोलन चर्काउने पक्षमा उपसभापति डीपी अर्याल पक्षधर थिए भने स्वर्णिम वाग्ले र बिराजभक्त श्रेष्ठ पक्षधर नेताहरू सडक आन्दोलन परिणाममुखी नहुने र उपनिर्वाचनलाई असर गर्ने मतसहित प्रस्तुत भएका थिए । उपनिर्वाचनको विषय आएपछि आन्दोलनको प्रारूप बदल्ने निर्णयमा नेताहरू पुगेका हुन् ।

वैदेशिक रोजगार विशेष

# मलेसियाले चैतदेखि नयाँ एप्रुभल खुला गर्ने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ मंसिर ।

मलेसियाले आगामी चैतदेखि नयाँ विदेशी कामदार भर्ना गर्नका लागि आवेदन खुला गर्ने संकेत गरेको छ । मलेसियाका गृहमन्त्री सैफुद्दिन नासुसन इस्माइलले विदेशी कामदार भर्नामा लगाएको रोक आगामी वर्षको पहिलो चौमासिकपछि समीक्षा गर्ने बताए ।

मलेसियामा १ जनवरीदेखि आर्थिक वर्ष प्रारम्भ भई ३१ डिसेम्बरमा अन्त्य हुने गरेको छ । गृहमन्त्री सैफुद्दिनले अर्थ मन्त्रालयले तोकेको २५ लाख ८० हजार जना विदेशी कामदारको सीमाभन्दा अहिले मलेसियामा विदेशी कामदारको संख्या ४५ हजार कम रहेको बताए । मलेसियाले सन् २०२३ को मार्च ३१ तारेखदेखि विदेशी कामदारको एप्रुभल रोकेको हो ।

९ महिनासम्म नयाँ एप्रुभल नखुल्दा सरकारमाथि विदेशी कामदार भर्नाको प्रक्रिया सुरुवात गर्न विभिन्न क्षेत्रबाट दबाब बढिरहेको छ । मलेसियाको राजधानी क्वालालम्पुरमा बुधबार आप्रवासी कामदार व्यवस्थापनसम्बन्धी गृह मन्त्रालय र मानव संसाधन मन्त्रालयबीचको संयुक्त समितिको बैठकपछि गृहमन्त्री सैफुद्दिनले भने, ‘देशमा रहेका १७ दशमलव २ मिलियन श्रमशक्तिको १५ प्रतिशतमा अधिकतम सीमा तोकिएकाले अर्को वर्षको पहिलो त्रैमासिकमा बस्ने संयुक्त समितिको बैठकले नयाँ निर्णय गर्नेगरी त्यतिन्जेलसम्म फ्रिज अर्थात् प्रतिबन्ध कायम गर्ने निर्णय गरेका छौं ।’

छुट्टै प्रसंगमा गृहमन्त्री सैफुद्दिनले गृह मन्त्रालय र मानव संसाधन मन्त्रालयले विदेशी कामदारमाथिको निर्भरता घटाउन र कारागारहरूमा हुने भीडभाडलाई सम्बोधन गर्न हत्या वा बलात्कार जस्ता अपराधमा सजाय पाएकाबाहेक कैदीलाई काममा लगाउने अनुमति दिन सैद्धान्तिक रूपमा सहमति जनाएको बताएका थिए । तर, त्यसमा हाल कुनै निर्णय नभएको र भविष्यमा पनि त्यस विषयमा थप छलफल नहुने बताए । >>> पृष्ठ २ मा

## घटेन हवाई भाडा, कारबाही गर्ने मन्त्री पाण्डेको चेतावनी

**काठमाडौं / रासस–** संस्कृति, पर्यटन तथा नागरिक उड्डनमन्त्री बद्री पाण्डेले अन्तर्राष्ट्रिय उडान भर्ने हवाई कम्पनीलाई २४ घण्टाभित्र हवाई भाडा दर उपलब्ध गराउन निर्देशन दिएका छन् । हवाई भाडा वृद्धिबारे मन्त्रालयमा छलफलका लागि बोलाई वायुसेवा कम्पनीहरूलाई भाडा वृद्धिबारे पुनर्विचार गर्न निर्देशन दिएका हुन् । ‘हामीले नागरिकहरूकै सेवा भनेर हवाई कम्पनीलाई सहुलियत दिएका थियौं । तर, त्यसको उपहास भएको छ, राज्य र नागरिकप्रतिको दायित्वलाई बेवास्ता गरेर गैरजिम्मेवारीपन देखाइएको छ’, मन्त्री पाण्डेले भने, ‘नागरिकमाथि प्रतिष्ठित व्यापारी र एयरलाइन्सले गरेको व्यवहारले म निकै दुखी छु ।’

यसअघि हवाई सेवा कम्पनीले नियामक निकायसँगको छलफलमा भाडा नियन्त्रणका लागि ५ बुँदे सहमति गरिएको भए पनि त्यसको कार्यान्वयन नगरेको भन्दै पर्यटनमन्त्री पाण्डेले आक्रोश व्यक्त गरे । हवाई भाडा वृद्धि भई वैदेशिक रोजगारमा जाने विपन्न अवस्थाका कामदार र अन्य यात्रु मारमा परेको गुनासो बढेपछि परराष्ट्र, श्रम र पर्यटनमन्त्रीबीचको बैठकले समेत हवाई भाडा नियन्त्रणका लागि छलफल गरिएको जानकारी गराउँदै उनले राज्य >>> पृष्ठ २ मा

# सत्तारूढ नै सडकमा

**जानकी पाठक / मध्यान्ह**
काठमाडौं, ५ मंसिर ।

सरकारको नेतृत्वकर्ता दल हो- नेकपा एमाले । सरकारमार्फत जनताको काम गर्नुपर्ने दायित्वमा एमाले नेतृत्व छ । तर, प्रधानमन्त्रीसमेत रहेका पार्टी अध्यक्ष केपी शर्मा ओलीको प्रमुख आतिथ्यमा एमालेले काठमाडौंमा जागरण सभा गर्दै छ ।

एमाले शक्ति प्रदर्शनका लागि गर्न लागेको सभा शुक्रबार काठमाडौंको दरबारमार्गमा हुँदै छ । नेताहरूका अनुसार त्यस दिन र्‍याली भद्रकालीबाट सुरु भएर सुन्धारा, वीर अस्पताल, रत्नपार्क, घण्टाघर हुँदै दरबारमार्गमा पुगेर सभामा परिणत हुनेछ ।

एमालेले जागरण सभामा १ लाख मानिस उतार्ने लक्ष्य लिएको छ । प्रतिपक्षी दलहरूले सडकमा अराजकता फैलाउने काम गरेको निष्कर्ष निकाल्दै एमालेले प्रतिवादको रूपमा जागरण सभा गर्न लागेको हो ।

नेकपा एमालेका उपमहासचिव प्रदीप ज्ञवाली अराजकता र लोकतन्त्र सँगसँगै जान नसक्ने बताउँछन् । यसका लागि सभा गर्न लागिएको उनको भनाइ छ । उपमहासचिव ज्ञवाली भन्छन्, ‘शान्तिपूर्ण ढंगले सडकमा जाने कुरा ठिक भए पनि अहिले जुन ढंगको भाष्य निर्माण गर्ने प्रयास भइरहेको छ, त्यो गलत छ । यस कारण एमालेले अराजकता र लोकतन्त्र सँगसँगै जान नसक्ने सन्देश दिन खोजेको हो ।’



> शान्तिपूर्ण ढंगले सडकमा जाने कुरा ठिक भए पनि अहिले जुन ढंगको भाष्य निर्माण गर्ने प्रयास भइरहेको छ, त्यो गलत छ । यस कारण एमालेले अराजकता र लोकतन्त्र सँगसँगै जान नसक्ने सन्देश दिन खोजेको हो
>
> ■ **प्रदीप ज्ञवाली**
> उपमहासचिव, नेकपा एमाले

पूर्वसांसद विरोध खतिवडा सत्तारूढ दलले सडक आन्दोलन गर्नु नसुहाउँदो विषय भएको बताउँछन् । ‘सरकार भएपछि राजनीतिक दलले जनतासँग गाँसिएको विषय सल्टाउन सक्छ’, उनी भन्छन्, ‘संसदीय व्यवस्था सडकको विरोध सदनमा ल्याउने व्यवस्था हो । यस कारण प्रतिपक्षी सडकमा जाँदा पनि प्रश्न उठाउन मिल्छ । सत्तारूढ दल नै सडकमा जानु त सुहाउने विषय होइन ।’



> संसदीय व्यवस्था सडकको विरोध सदनमा ल्याउने व्यवस्था हो । यस कारण प्रतिपक्षी सडकमा जाँदासमेत प्रश्न उठाउन मिल्छ । सत्तारूढ दल नै सडकमा जानु त सुहाउने विषय होइन
>
> ■ **विरोध खतिवडा**
> पूर्वसांसद

तथापि, नेपालमा सत्तारूढ दलले सडक प्रदर्शन गर्ने अभ्यास विगतमा पनि रहेको खतिवडा बताउँछन् । यो पुरानो अभ्यास र संसदीय व्यवस्थाको मर्मविपरीत रहेकाले सबै दलहरू सच्चिनुपर्ने उनको राय छ ।

> सरकारमार्फत जनताको पक्षमा काम गर्नुपर्ने ठाउँमा एमाले छ । तर, प्रधानमन्त्री केपी शर्मा ओलीको प्रमुख आतिथ्यमा एमालेले काठमाडौंमा जागरण सभा गर्दै छ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पनि सरकारमा रहेको दलले प्रदर्शन गर्नु अनुपयुक्त हुने बताएको छ । रास्वपाका कार्यबाहक प्रवक्ता मनीष झा सत्तापक्षले प्रदर्शन गर्ने नभई काम गर्नुपर्ने बताउँछन् । उनी भन्छन्, ‘सत्ता पक्षले डेलिभर गर्ने तर प्रधानमन्त्रीको पार्टीले सडकमा आएर जनप्रदर्शन गर्ने रे !’

मध्यान्ह
www.madhyanhadaily.com
६ मंसिर २०८१, बिहीबार
21 November 2024, Thursday

# स्वास्थ्यमन्त्री पौडेलद्वारा धौलागिरि अस्पताल निरीक्षण

**बागलुङ/मस-** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले आज धौलागिरि अस्पताल निरीक्षण गरेका छन् । उनले अस्पतालको सेवा प्रवाह, जनशक्ति तथा वर्तमान अवस्थाबारे जानकारी लिएका हुन् । अस्पताल सुधारका लागि अस्पतालको यथार्थ अवस्था बुझ्न आवश्यक रहेको बताउँदै मन्त्री पौडेलले अस्पताललाई स्तरवृद्धि गर्न आवश्यक रहेको बताए ।

मन्त्री पौडेलले अस्पतालको सेवाका विषयमा अस्पतालमा भर्ना भएका बिरामीलाई समेत सोधपुछ गरेका थिए । उनले आकस्मिक कक्ष, बहिरंग सेवा, अन्तरंग सेवा, डायलासिस



सेवाकक्षलगायतको अवलोकन गरेको अस्पतालका मेडिकल सुपरीटेन्डेन्ट डा किरण तिवारीले जानकारी दिए ।

५० शैय्याको अनुमति रहेको अस्पतालको स्तवृद्धि गरी एक सय श्यया बनाउन सहजीकरण गर्ने मन्त्री पौडेलले प्रतिबद्धता जनाए । उनले प्रदेशअन्तर्गतको अस्पतालको रुपमा रहेको यस अस्पताललाई तत्काल अस्थायी चिकित्सक राखेर भए पनि एक सय श्ययामा स्तरवृद्धिका लागि अनुमति दिने बताए ।

'अस्पतालले क्षमताभन्दा बढी सेवा दिएको छ, स्तरवृद्धि भएको छैन प्रदेशले दुई सय श्ययामा स्तरवृद्धि गर्ने योजना बनाएको रहेछ, तत्कालै एक सय श्ययामा स्तरवृद्धि गर्दा सेवा प्रदानमा सहज हुन्छ,' मन्त्री पौडेलले भने, 'अस्पतालप्रति जनताको भरोसा धेरै रहेको पाएँ, बिरामीको चाप समेत धेरै रहेछ, उपकरण र चिकित्सक थप गर्न संघ सरकारले प्रदेश सरकारसँग समन्वय गरेर काम गर्छ ।'

# प्रेस चौतारी नेपाल रौतहट शाखाको कार्यालय उद्घाटन

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, ५ मंसिर

प्रेस चौतारी नेपाल रौतहट शाखाको कार्यालय उद्घाटन भएको छ । गौरको विपी चौकमा एमालेका केन्द्रीय सदस्य अजय कुमार गुप्ताले कार्यालयको उद्घाटन गरे ।

त्यस अवसरमा गुप्ताले एमालेका नेताहरूलाई लक्षित गर्दै सामाजिक संजालमा भ्रम अपवाह फैलाउने काम भइरहेकोमा आपत्ति जनाए । उनले सत्य तथ्यको आधारमा समाचार सम्प्रेषण गर्न सञ्चारकर्मीहरूलाई आग्रह पनि गरे ।

सोही अवसरमा केन्द्रीय सदस्य रेखा झाले प्रेस चौतारीको कार्यालय उद्घाटनको शुभकामना दिदैं स्थानीय तहको उपनिर्वाचनमा तथा जनतामा एमाले प्रति फैलाइएको भ्रमलाई हटाउन कलम चलाउन आग्रह गरिन् ।



एमालेका लेखा समितिका केन्द्रीय सदस्य राजकिशोर प्रसाद यादवले पनि सत्य तथ्य समाचार प्रकाशन तथा प्रसारण गर्न सुझाव दिए ।

प्रेस चौतारीका जिल्ला अध्यक्ष उतम कुमार उपाध्यायको अध्यक्षतामा भएको कार्यक्रममा एमालेका जिल्ला अध्यक्ष सचिदानन्द साह, नेपाल पत्रकार महासंघ मधेश प्रदेशका सदस्य शैलेन्द्र झा, महासंघका पूर्वजिल्ला अध्यक्ष शैलेन्द्र कुमार गुप्ता, प्रेस चौतारीका जिल्ला इन्चार्ज रमेश तिम्लसिना, मधेश प्रदेश महासचिव गौतम श्रेष्ठ लगायतले शुभकामना दिएका थिए ।

# सबैसँग सल्लाह गरेरै संविधान संशोधन गरिने छ : सभापति देउवा

**काठमाडौं/मस-** नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले सबै दल र सरोकारवालासँग सरसल्लाह गरेर मात्रै आवश्यक विषयमा संविधान संशोधन गरिने धारणा व्यक्त गरेका छन् ।

नेपाल डेमोक्रयाटिक लयर्स एसोसिएसन (डिएल नेपाल) को ३५औं स्थापना दिवसका अवसरमा आज यहाँ आयोजित कार्यक्रममा




उनले सत्ताघटक दलसँग सल्लाह भएर नै संविधान संशोधन गर्ने भनिएको जानकारी गराए ।

सभापति देउवाले आफू र आफ्नो पार्टीले कुनै पनि प्रजातान्त्रिक अधिकारसँग कुनै सम्झौता नगर्ने कुरामा ढुक्क हुन आग्रह गर्दै वतर्मान प्रधानमन्त्री एवं नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली पनि प्रजातन्त्रका लागि लडेको व्यक्ति भएको बताए । उनले संविधान कार्यान्वयनका क्रममा देखिएका चुनौती र जनभावनाअनुसार मात्रै संविधान संशोधन गरिने बताउँदै भारतमा जस्तो उपराष्ट्रपतिलाई राष्ट्रियसभाको अध्यक्ष बनाउन सकिने तर्क गरे ।

डिएलए नेपालको कांग्रेसको कानुनी सल्लाह दिने संस्थाका रूपमा सहयोगी रहेको उल्लेख गर्दै सभापति देउवाले लोकतन्त्रको रक्षा र सुदृढीकरणका लागि डिएलए नेपालको ठूलो योगदान रहेको बताए । उनले संसदीय लोकतान्त्रिक व्यवस्था विश्वमै अन्य राजनीतिक व्यवस्थाको तुलनामा उत्तम कहिएको उल्लेख गर्दै यस व्यवस्थालाई सफल बनाउन डिएलएजस्ता संस्थाको योगदान महत्वपूर्ण हुनेमा जोड दिए ।

## गोर्खा भर्ती ...

यस्तै, २०६२ देखि नेपाली सेनाले भारतीय सेनासँग किनेको हतियारसहितका सैन्य सामग्रीको भुक्तानी भएको छैन । नेपालले तिर्नुपर्ने भुक्तानी रकम ४ अर्ब रुपैयाँ पुगेको छ । नेपाली सेनाका लागि खरिद भएका हतियार तथा सैन्य सामग्रीमा भारतले ६० प्रतिशत अनुदान दिएको छ ।

नेपाली सेनाका अधिकारीका अनुसार ऋण नतिर्दा भारतबाट नेपाली सेनालाई चाहिएअनुसार हतियार तथा सैन्य सामग्री खरिद गर्न अप्ठ्यारो भएको छ । नेपालले भारतलाई तिर्नुपर्ने सैन्य ऋण मिनाह गरिदिनुपर्ने पक्षमा छ । भारतीय सेनाध्यक्षसँगको छलफलमा नेपालले यस्तो कूटनीतिक पहल गरिदिन प्रस्ताव राख्न सक्ने नेपाली सेनाका एक अधिकारीले बताए ।

## अर्थपूर्ण भ्रमण

प्रधानमन्त्री केपी शर्मा ओली १७ मंसिरमा चीन भ्रमणमा जानुअघि भारतीय स्थल सेनाध्यक्ष नेपाल आएका हुन् ।

यसअघि हालै पनि भारत र अमेरिकाका सुरक्षा निकायका उच्च अधिकारी नेपाल भ्रमण गरी फर्किसकेका छन् ।

अमेरिकी सेनाका लेफ्टिनेन्ट जर्नेल जोसुआ एम. रड फर्किसकेका छन् । यस्तै, भारतीय सीमा सुरक्षा बल (एसएसबी)का महानिर्देशक अमृतमोहन प्रसाद पनि गत हप्ता नेपाल भ्रमण गरी फर्किसकेका हुन् ।

प्रधानमन्त्रीको भ्रमणपूर्व भारत र अमेरिकाका उच्च सैनिक अधिकारीको भएको भ्रमणलाई सुरक्षा मामिलाका जानकार र कूटनीतिज्ञहरूले अर्थपूर्ण मानेका छन् ।

अमेरिकी सेनाका अधिकारी रडको भ्रमण अमेरिकाले प्रस्ताव गरेको स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी) सम्झौता गर्ने उद्देश्यले भएको माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आशंका गरेका थिए ।

यस विषयमा रक्षामन्त्री मानवीर राईले अमेरिकी सुरक्षा अधिकारीको भ्रमण विशुद्ध औपचारिक भएको स्पष्टीकरण दिएका थिए ।

हालै अमेरिकाको राष्ट्रपतिमा निर्वाचित डोनाल्ड ट्रम्प र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीचको सम्बन्धले दक्षिण एसियाको भूराजनीतिमा प्रभाव पार्न सक्ने अनुमान गरिएका बेला यी २ देशका उच्च सैनिक अधिकारीको नेपाल भ्रमणले नेपालमा राजनीतिक चासो बढेको हो ।

प्रधानमन्त्री ओली चीन भ्रमणमा गएका बेला चीनसँग पाइपलाइनमा रहेको बीआरआई सम्झौता अगाडि बढाइने विषयलाई अहिले भारत र अमेरिकाले नजिकबाट अवलोकन गरिरहेका छन् । भारत र अमेरिका नेपालले चीनसँग बीआरआई सम्झौता नगरोस् भन्ने पक्षमा छन् ।

खासमा ओलीको चीन भ्रमणलाई लिएर अमेरिका र भारतले नेपालमा आफ्ना सुरक्षा अधिकारीहरू पठाएको कतिपयको बुझाइ छ । प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा बीआरआई परियोजनाका विषयमा छलफल हुने भनिए पनि सत्ता गठबन्धनको अर्को दल नेपाली कांग्रेस भने विपक्षमा छ । कांग्रेस बीआरआई ऋणमा नभई अनुदानमा लिनुपर्ने पक्षमा छ ।

## मलेसियाले...

कैदीलाई काममा नलगाउने सहमति भएपछि मलेसियामा विदेशी कामदार खुला गर्नुको विकल्प नभएको बताइएको छ ।

केही दिनअघि मलेसियाको मानव संसाधन मन्त्रालयले मलेसियामा विदेशी कामदार भर्नाको प्रसंगमा लागत पुनर्संरचनाका लागि स्रोत मुलुकहरूसँग छलफल गरिरहेको बताएको थियो । मलेसियाले सन् २००१ देखि नै नेपाललाई श्रमिक आपूर्तिको स्रोत मुलुकका रूपमा सूचीकरण गरेको हो । नेपाल, भारत, इन्डोनेसिया, कम्बोडिया, भियतनाम, बंगलादेश, श्रीलंकालगायतका १५ मुलुकलाई मलेसियाले स्रोत मुलुकमा राखी कामदार लैजाने गरेको छ ।

उत्पादन, सुरक्षा गार्ड, सेवामूलक क्षेत्र, कृषि क्षेत्र, निर्माण र बागवानी क्षेत्रमा ३ लाखभन्दा बढी नेपाली काम गरिरहेका छन् । नेपालसँग मिल्दोजुल्दो हावापानी र राम्रो तलबका कारण मलेसिया नेपाली कामदारको आकर्षक गन्तव्यका रूपमा रहेको छ ।

मलेसियाले आगामी फेब्रुअरीदेखि न्यूनतम मासिक तलब १७ सय रिंगेट लागू हुने घोषणा गरेको छ । त्यसले पनि मलेसियाको रोजगारीबारे नेपाली कामदार तथा उनीहरूलाई पठाउने म्यानपावर कम्पनीबीच तीव्र चासो छ। मलेसियाबाट नयाँ रोजगारीको डिमान्ड नआउँदा वार्षिक २ लाख नेपालीले रोजगारी गुमाएका छन् । लामो समय मलेसिया बन्द रहे नेपालका धेरै म्यानपावर कम्पनीहरूले इजाजत नवीकरणका लागि अनिवार्य गरिएको बार्षिक सय जना कामदारसमेत पठाउन नसक्ने अवस्था छ।नेपालमा दर्ता रहेका मध्ये आधाभन्दा बढी म्यानपावर कम्पनीले मलेसिया कामदार पठाउने गरेका छन् । केही म्यानपावर कम्पनीले पूर्ण रूपमा मलेसिया मात्र पठाउँदै आएका छन् ।

## घटेन हवाई...

र नागकिरप्रति जिम्मेवार बन्न एयरलाइन्सलाई आग्रह गरे ।

मन्त्री पाण्डेले राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) र हिमालय एयरलाइन्सले समेत अचाक्ली हवाई भाडा लिएकोप्रति सचेत गराए। २४ घण्टाभित्र विक्री गरेको टिकटको मूल्य उपलब्ध गराउन उनले निर्देशन दिए । पर्यटनमन्त्री पाण्डेले एयरलाइन्सले हवाई भाडा वृद्धिबारे पुनर्विचार नगरे सरकारले कडा कदम चाल्ने चेतावनीसमेत दिएका छन् ।

मन्त्रालयका सचिव डा. गणेश पाण्डेयले सम्झौताअनुसार एयरलाइन्सले अटेर गरेकोबारे प्रश्न गरे । उनले भने, 'आफूले गरेको निर्णय आफैं लागू गर्ने कि नियमन गर्न कठोर बन्नुपर्ने हो । सम्झौता किन लागू नगरेको ? तपाईंहरूले यदि निर्णय कार्यान्वयनमा अटेर गर्नुभयो भने सेवा दिन आउने नयाँ हवाई कम्पनीका लागि सूचना आह्वान गर्न सकिन्छ ।'

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का महानिर्देशक प्रदीप अधिकारीले एयरलाइन्सले हवाई भाडा नियन्त्रणसम्बन्धी ५ बुँदे सहमति कार्यान्वयन नगरेको र हवाई टिकटमा कृत्रिम अभाव देखाउँदै कालोबजारी गरिरहेकाले त्यसलाई नियन्त्रण गरेरै छाड्ने अठोट व्यक्त गरे ।

छलफलमा सहभागी एयरलाइन्सका प्रतिनिधिले हवाई भाडाबारे सत्यतथ्य जानकारी दिन आनाकानी गरेका थिए । एयरलाइन्सले ४ गुणा बढी भाडा लिएको भन्दै आलोचना भएको थियो । छलफलमा नेपालमा सेवा दिँदै आएका अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीका प्रतिनिधिको उपस्थिति थियो ।

## जनज्योति एजुकेसनल् फाउण्डेसन् कन्चनपुर लिमिटेडको वार्षिक साधारणसभा सम्बन्धी सार्वजनिक सूचना :

**प्रथम पटक प्रकाशित मितिः २०८१/०८/०६**

यस कम्पनीको यहि मिति २०८१/०७/२१ गतेमा बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको वार्षिक साधारण सभा (आ.व. २०८०/०८१) निम्नलिखित मिति, समय तथा स्थानमा निम्न विषयहरु माथि छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि अनुरोध सहित यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८१ साल मङ्सिर २९ गते शनिवार (**December 14, 2024**).
**समय** : बिहान १०.०० बजे ।
**स्थान** : जनज्योति एजुकेसनल फाउण्डेसन कन्चनपुर लि. को कार्यालय, भीमदत्त १८, महेन्द्रनगर कञ्चनपुर ।

**छलफलका विषयहरु :**

क) आ.व. २०८०/०८१ को कम्पनीको वार्षिक प्रगति प्रतिवेदन सम्बन्धमा ।
ख) आ.व. २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
ग) आ. व. २०८१/०८२ का लागि लेखा परीक्षकको नियुक्ति सम्बन्धमा ।
घ) लाभांश वितरण सम्बन्धमा ।
ङ) विविध ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## Buddhashanti Rural Municipality
## Office of the Rural Municipal Executive

**Budhabare, Jhapa**
**Koshi Province, Nepal**

### Letter of Intent

**(Date of Publication:2081/08/06)**

The notice of electronic bid Published by Buddhashanti Rural municipality, Office of the Rural municipality, Budhabare for the implementation of civil works, dated 2081/06/18 on National daily newspaper, while evaluating the bids received within the deadline mentioned in the notice, this is to notify to concerned bidders for 7 (seven) days of intent to accept the bid according to The Public Procurement Act 2063's Section 27's sub-section 2 and Section 47.

| S. N. | Name of Tender | Tender No | Lowest Evaluated Substantially Responsive Bidder | Bid Amount (With VAT) | Remark |
|---|---|---|---|---|---|
| 1 | Construction works of Pranami mandir-Dui Ringe Road Buddhashanti Rural Municipality ward no 2 | BRM/NCB/WORKS/081/081-02 | Yunika Engineering Construction, Arjundhara | NRs. 30,65,871.31 | |

**Chief Administrative Officer**


## कतारमा रोजगार

कम्पनी: KBN GROUP HOLDING | शहर: Doha
पूर्व स्वीकृत मिति: २०८१/०८/०५ | चलानी नं.: ६०२२८३१८ | LT. No.: 313925

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 4 | 5 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper | 10 | 0 | | 1000 | ३६,९६० | | | | | | | |
| 3. | Labour | 14 | 0 | | 1000 | ३६,९६० | | | | | | | |
| 4. | Labourer (Male) | 3 | 0 | | 1000 | ३६,९६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ मंसिर १३ गते (28 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LUCKY H.R. Solution Pvt. Ltd.
लक्की एच.आर. सोलुसन प्रा. लि.
श्रम ईजाजत नं.: ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@merocvs.com/ info@luckyhrsolution.com

## कुबेतमा रोजगार

कम्पनी: BEAUTY PHARM GENERAL TRADING CO. W.L.L. | शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८०/१२/०१ | चलानी नं.: ६०२१६४८१ | L.T. No.: 301559 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 1 | सम्बन्धित काममा दक्ष | 100 | ४३,८३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hairdresser | 0 | 2 | | 150 | ६५,७४८ | | | | | | | |
| 3. | Nail Technician | 0 | 2 | | 150 | ६५,७४८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १३ गते (28 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Tiger Overseas Employment Services Pvt. Ltd.
Govt Lic. No: 335/059/060
Kathamandu 4 Prakash marg, Dhumbarahi, Nepal 01-4518997
Email : info@tigeroverseas.com.np, Website: www.tigeroverseas.com.np

## कुवेतमा रोजगार

कम्पनी: SWEETY BEAUTY SALON COMPANY | शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८१/०८/०५ | चलानी नं.: ६०२२८३२७ | LT. No.: 313900

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BEAUTICIAN (FEMALE) | 0 | 6 | स. काममा दक्ष | 150 | ६५,७४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: ZAMAN AMI CATERING SERVICE CO. | पूर्व स्वीकृत मिति: २०८१/०८/०५ | चलानी नं.: ६०२२८३३० | LT. No.: 313901

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Chef | 4 | 0 | स. काममा दक्ष | 150 | ६५,७४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: RAKAZ NATIONAL GENARAL TRADING & CONTRACTING COMPANY | पूर्व स्वीकृत मिति: २०८१/०८/०५ | चलानी नं.: ६०२२८३२९ | LT. No.: 313902

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५२,५९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | GENERAL LABORS | 3 | 0 | | 95 | ४१,६४० | | | | | | | |
| 3. | STORE KEEPAR | 2 | 0 | | 150 | ६५,७४८ | | | | | | | |
| 4. | Technical Labour | 4 | 0 | | 95 | ४१,६४० | | | | | | | |

कम्पनी: AMERICAN CODE CO.FOR GEN.BUILDING CONTRACTING | पूर्व स्वीकृत मिति: २०८१/०८/०५ | चलानी नं.: ६०२२८३३१ | LT. No.: 313899

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician. | 2 | 0 | सम्बन्धित काममा दक्ष | 110 | ४८,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Masson | 2 | 0 | | 110 | ४८,२१५ | | | | | | | |
| 3. | Outdoor Labours | 7 | 0 | | 95 | ४१,६४० | | | | | | | |
| 4. | PLUMBER | 2 | 0 | | 110 | ४८,२१५ | | | | | | | |
| 5. | S. Carpenter | 2 | 0 | | 110 | ४८,२१५ | | | | | | | |
| 6. | STEEL FIXER | 2 | 0 | | 110 | ४८,२१५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ मंसिर १३ गते (28 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

DHRN
Dana Human Resource Nepal Pvt. Ltd.
Govt Lic No. 1692/080/81
Sinamangal, Kathmandu, Tel.: 01-5923344, 9802373747
Email : dananepalpg@gmail.com , Web: www.dananepal.com

## साउदीमा रोजगार

कम्पनी: Daeah Saudi Arabia LTD | शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०८१/०८/०५ | चलानी नं.: ६०२२८३२४ | L.T. No.: 313934

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 20 | 0 | स. काममा दक्ष | 1200 | ४३,०६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. ३०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

## जापानमा रोजगार

कम्पनी : NEW BUSINESS NETWORK KYODOKUMIAI | शहर : TOKYO
पूर्व स्वीकृत मिति: २०८१/०८/०५ | चलानी नं.: ६०२२८३२२ | Lt. No.:313966

| सि. न. | कामदारको पद | माग संख्या (पुरुष) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Metal Press Processing | 6 | 149304 | १,२९,८९४ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

कम्पनी : TSUKUBA KOKUSAI JIGYOU KYOUDOU KUMIAI | शहर : TSUKUBA CITY
पूर्व स्वीकृत मिति: २०८१/०८/०५ | चलानी नं.: ६०२२८३२३ | Lt. No.: 313967

| सि. न. | कामदारको पद | माग संख्या (पुरुष) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Metal Press Processing | 4 | 157450 | १,३६,९८१ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले २८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : ५०,००० कामदारले
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता**
**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा वुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् । १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

**नोटः जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ । जापान सरकारले औधोगिक प्रशिक्षार्थीको रूपमा लिने, कुनैपनि कामको बारेमा अनुभवी प्रशिक्षकबाट तालिमको पनि ब्यवस्था छ । साथै औधोगिक प्रतिस्थानमा प्रयोग हुने व्याबहारीक जापानिज भाषा अडियो तथा भिडियोको माध्यमबाट जापानिज भाषा सिकाइन्छ ।**

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ मंसिर १३ गते (28 November 2024) मा हुनेछ ।

Dynamic Sales & Services (P) Ltd.
श्रम इजाजत नं. १०९/०५४/०५५
Post Box No. 2012, Tokha 7 Basundhara Chauki, Kathmandu, Nepal.
Phone: 00977-1- 4955570, 4956625, 4956831.
E-mail: info@dssnepal.com, Website: www. dssnepal.com

# इजरायल–प्यालेस्टाइन युद्धमा तटस्थ नबस्न प्रधानमन्त्रीलाई ध्यानाकर्षण

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ मंसिर

प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष प्यालेस्टाइनमाथि इजरायलले गरिरहेको हमलाविरुद्ध प्रस्तुत हुनुपर्ने माग गर्दै विभिन्न राजनीतिक दल र नागरिक संस्थाले आज ध्यानाकर्षण पत्र बुझाइएका छन् ।

नेकपा माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष एवम् पूर्वउपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठसहित विभिन्न दल र नागरिक संस्थाका प्रतिनिधिले आज प्रधानमन्त्री निवास, बालुवाटारमा प्रधानमन्त्री ओलीलाई भेटेर इजरायलले प्यालेस्टाइन र लेबनानमाथि लगातार र बलपूर्वक हमला गरेकाले त्यसको विपक्षमा नेपाल सरकार अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत हुनुपर्ने आग्रह गरेका हुन् । ज्ञापनपत्रमा नेपालको तटस्थ परराष्ट्र नीतिको मान्यतामा परिवर्तन गर्न र अन्यायमा परेकाको पक्षमा स्पष्टरुपमा संयुक्त राष्ट्रसंघजस्ता मञ्चमा मत जाहेर गर्न माग गरिएको छ । ज्ञापनपत्रमा हमासको नियन्त्रणमा रहेका नेपाली विपिन जोशी र इजरायलमा रहेका हजारौं नेपाली युवाहरुको जीवन रक्षाका लागि युद्धकालभरि नेपाल ल्याउने कार्य गर्न पनि माग गरिएको छ । प्रधानमन्त्री ओलीले नेपाल विश्व शान्ति, मानव अधिकार र न्यायका पक्षमा रहने स्पष्ट गर्दै तटस्थता भनेको बलियाले कुटिरहने र कमजोरले सही रहने भन्ने नभएको बताउँदै ध्यानाकर्षणमा उठाइएका विषयको विपरीत सरकार नजाने स्पष्ट पारे ।



'हामी विश्व शान्तिका पक्षमा छौं । कुनै शक्तिविरुद्ध आफैं लड्न जाँदैनौं । कुनै पनि सैन्य गठबन्धनमा रहँदैनौं, तर अन्याय सहेर बस्दैनौं,' प्रधानमन्त्री ओलीले भने, 'हामी विश्वमा निरीह शान्ति होइन, न्यायपूर्ण शान्ति र मानवअधिकारको रक्षामा हुनेछौं ।'

भेटका अवसरमा माओवादी केन्द्रका महासचिव देवप्रसाद गुरुङ, राष्ट्रिय जनमोर्चाका नेत्री दुर्गा पौडेल, नेकपा एकीकृत समाजवादीका सचिव शेरबहादुर कुँवर, क्रान्तिकारी कम्युनिष्ट पार्टीका वरिष्ठ नेता सिपी गजुरेल, जनता समाजवादी पार्टी नेपालका विदेश विभाग प्रमुख अर्जुन थापा, प्रगतिशील रुपान्तरण आन्दोलनका अभियन्ता श्याम श्रेष्ठलगायत सहभागी थिए ।

# प्रधानमन्त्री चीन जानुअघि बीआरआईमा सहमति जुट्छ : ज्ञवाली

**काठमाडौं/मस–** एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले प्रधानमन्त्री चीन जानुअघि नै चिनियाँ महत्वाकांक्षी परियोजना बेल्ट एन्ड रोड इनिसियटिभ (बीआरआई)मा सत्ता गठबन्धनभित्र सहमति जुट्ने दाबी गरेका छन् ।



एमाले प्रचार विभागले बुधबार काठमाडौंमा सम्पादकहरूसँग गरेको अन्तरसंवादमा पूर्वपरराष्ट्रमन्त्री समेत रहेका ज्ञवालीले प्रधानमन्त्रीको आसन्न चीन भ्रमण अघि नै एमाले र कांगेसबीच एक खालको सहमति बन्ने छ ।

'एमसीसीमा पनि ६/७ वर्ष लगाएर संवादपछि उहाँ (कांग्रेस)हरूले हस्ताक्षर गरिएको थियो, तर पछि उहाँहरू नै गिजोल्न लाग्नुभयो । बीआरआई एमओयुमा पनि कांग्रेस-माओवादी सरकारले नै हस्ताक्षर गरेको हो', ज्ञवालीले भने, 'पहिलो कुरा त बीआरआई एउटा कन्सेप्ट मात्रै हो, आफैंमा यो कुनै परियोजना होइन । त्यसभित्र अनेकौं परियोजना हुन सक्छन् ।'

उनले नेपालको हकमा भएको प्रगतिबारे पनि चर्चा गरे । उनले भने, 'नेपालको हकमा ट्रान्स हिमालयन मल्टी डायमन्सल कनेक्टिभिटी नेटवर्क हो । त्यसमा ट्रान्स बोर्डर रेल्वे, रोडवेसहितका परियोजना हुन सक्छन् । अहिले नेपालको हकमा फन्डिङ मोडालिटी कस्तो भन्ने कुरा भइरहेको छ । कार्यान्वयनको फ्रेमवर्क पनि बन्दैछ । सित्तैमा पाइयो भने अलकत्रा खानु हुँदैन भन्ने हाम्रो मान्यता हो ।' ज्ञवालीले सहमति गरिसकेपछि अब कार्यान्वयनको विकल्प नरहेको पनि बताए ।

बीआरआईको अनुदान मात्रै भए लिने कांग्रेसले संस्थागत निर्णयबारे पनि उनले प्रतिक्रिया दिएका छन् । 'बीआरआईअन्तर्गत अनुदान मात्रै पाउने भए ठीक, ऋण लिने कुरा बेठिक भनेर अहिले ब्याख्या गर्न खोजिँदै छ । हामीले कुनै पनि देशसँग वर्षौं लगाएर सहमति गर्छौं', उनले भने, 'तर, जब कार्यान्वयनमा लग्न खोजिन्छ, तब गिजोल्न थालिन्छ । हाम्रो आग्रह के छ भने सहमति भइसकेको कुरालाई कार्यान्वयनमा लैजानैपर्छ, त्यसैले यसलाई पनि अमेरिकी परियोजना एमसीसी जस्तै गिजोल्न खोज्नु राम्रो होइन ।'

ज्ञवालीले सन् २०१७ मा बीआरआईबारे सहमति भइसकेको बताउँदै अहिले कार्यान्वयनमा लान खोज्दा यो र त्यो मिलेन भनेर अल्झाउन खोज्नु उचित नहुने बताए ।

# कूटनीतिको विकासमा सघाउन परराष्ट्रमन्त्रीको आग्रह

**काठमाडौं/मस–** परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले खेल कूटनीतिको विकास र विस्तारका लागि आवश्यक सहयोग पुऱ्याउन नेपाल सरकारका खेल एवम् साहसिक खेल क्षेत्रसँग सम्बद्ध मन्त्रालय, विभाग एवम् पदाधिकारीहरूलाई आग्रह गरेकी छन् ।

परराष्ट्र मन्त्रालयमा आज आयोजित साहसिक खेलसम्बन्धी उच्चस्तरीय परामर्श बैठकमा उनले नेपालमा साहसिक खेलका माध्यमबाट पनि खेल कूटनीतिको विकास र विस्तारका प्रशस्त सम्भावना रहेकाले त्यसतर्फ लाग्न सम्बद्ध पदाधिकारी एवम् निकायहरूलाई आग्रह गरेकी हुन् ।



अहिले खेलकुदको आकर्षण र महत्व विश्वव्यापी रुपमा बढ्दै गएकाले अन्य क्षेत्रहरूजस्तै खेलका माध्यमबाट पनि नेपालले आफ्ना कूटनीतिक प्रयास र पहलहरूलाई अगाडि बढाउन सक्ने उनको भनाइ थियो । उनले भनिन्, 'नेपालका हिमाल, पहाड, नदी तथा खोलाहरू साहसिक पर्यटनका लागि संसारमै प्रख्यात छन् । त्यसैले हामीले विश्वका पर्यटकलाई यस क्षेत्रमा आकर्षित गरी साहसिक खेलका माध्यमबाट पनि खेल कूटनीतिको विकास र विस्तार गर्न सकिन्छ । त्यसका लागि नेपालको पर्यटन तथा खेलकुद मन्त्रालयले समन्वयात्मक रुपमा काम गर्नुपर्दछ ।'

गत अक्टोबरमा कतारको दोहामा आयोजना भएको एसिडी (एसियन कोअपरेसन डायलग) को तेस्रो सम्मेलनमा खेल कूटनीतिलाई प्रमुख विषयका रुपमा राखिएको र नेपालले पनि खेल कूटनीतिको प्रवर्द्धन गर्ने प्रतिवद्धता व्यक्त गरेकाले यसै विषयमा आवश्यक परामर्श एवम् छलफल गर्न सम्बद्ध मन्त्रालय एवम् निकायहरूसँग आज सो बैठक राखिएको थियो ।

मन्त्री डा राणाले नेपालामा माउन्टनेयरिङ, ऱ्याफ्टिङ आदि क्षेत्रका साहसिक खेलमा विश्वकै पर्यटकको रुचि बढ्दो देखिएको र यी क्षेत्रमा तालिम एवम् कोर्षको व्यवस्थासमेत रहेकाले यसका माध्यमबाट पर्यटक भित्र्याई आर्थिक कूटनीतिका क्षेत्रमा ठूलो योगदान पुऱ्याउन सकिने बताइन् । उनले खेलकुदलाई सांस्कृतिक पहिचानको प्रवर्द्धन गर्ने माध्यमका रुपमा विकास गर्नुपर्ने धारणा राख्दै नेपालको भौगोलिक अवस्थिति र प्राकृतिक सम्पदाका कारण यहाँ रहेको साहसिक खेलको सम्भावनालाई विश्वमै उजागर गर्न आवश्यक रहेको धारणा राखिन् ।

मन्त्री डा राणाले भनिन्, 'हामीले अहिले आर्थिक कूटनीतिको प्रवर्द्धनमा जोड दिएका छौं र यसका लागि अलग्गै महाशाखा स्थापनाको योजनामा पनि छौं । त्यसैले आर्थिक कूटनीतिको प्रवर्द्धनका लागि पनि हाम्रो देशको साहसिक खेलको सम्भावनालाई अधिकतम उपयोगमा ल्याउन सम्बद्ध सबै क्षेत्रसँग आग्रह गर्दछौं ।'

परामर्श बैठकमा रक्षामन्त्री मानवीर राईले हाम्रो देशमा रहेको पर्यटन र साहसिक खेलको सम्भावनालाई कूटनीतिसँग जोडेर पर्यटन कूटनीतिको विकास गर्ने योजना बनाउन आग्रह गरे । सो बैठकमा परराष्ट्र, संस्कृति पर्यटन तथा नागरिक उड्डयन, युवा तथा खेलकुद मन्त्रालयका सचिवहरू, पर्यटन क्षेत्रसँग सम्बन्धित विभिन्न व्यावसायिक संघसंस्थाहरूले पनि नेपालमा साहसिक खेलका सम्भावना, आवश्यकता र चुनौतीका विषयमा सुझाव दिएका थिए ।

# दुर्गा प्रसाईंलाई ५ दिन हिरासतमा राख्न अदालतको अनुमति

काठमाडौं/मस- काठमाडौं जिल्ला अदालतले मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई ५ दिन हिरासतमा राख्न अनुमति दिएको छ । काठमाडौं जिल्ला अदालतका न्यायाधीश माधव प्रसाद अधिकारीको इजलासले उनलाई ५ दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिएको हो ।




मंगलबार भक्तपुरस्थित निवासबाटै पक्राउ परेका उनलाई प्रहरीले बुधबार कार्यालय खुलेसँगै अदालतमा पेस गरेको थियो । प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध भिडियो सन्देशमार्फत 'विवादास्पद अभिव्यक्ति' दिएर साइबर अपराध गरेको उनीमाथि अभियोग छ । प्रसाईंविरुद्ध जिल्ला अदालतबाट साइबर अपराधसम्बन्धी कसुरमा पक्राउ पूर्जी जारी भएसँगै उनलाई पक्राउ गरिएको हो ।


## साउदीमा रोजगार

कम्पनी: KUFA FOOD COMPANY — शहर: Saudi Arabia, Dammam
पूर्व स्वीकृत मिति: २०८१/०४/१६ — चलानी नं.: ६०२२२९१५ — L.T. No.: 308266 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 6 | 0 | स. काममा दक्ष | 1000 | ३५,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १३ गते (28 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**अन्जुलिमा इन्टरनेशनल प्रा. लि.** — श्रम इजाजत नं. ७७४/०६५/०६६
ANJULIMA INT'L — People. Factor. Perspective
पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोन: ४५७३१००, ४५७३३००, ४५८८३६९
Email: anjulimaintl@yahoo.com | Web: www.anjulimaintl.com

## कुबेतमा रोजगार

कम्पनी: BEATOUNA RECYCLING COMPANY — शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८१/०८/०५ — चलानी नं.: ६०२२८३१६ — L.T. No.: 313922

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | AC Technicians | 5 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ५६,९८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician. | 10 | 0 | | 130 | ५६,९८२ | | | | | | | |
| 3. | Heavy Drivers | 15 | 0 | | 150 | ६५,७४८ | | | | | | | |
| 4. | Light Driver | 3 | 0 | | 150 | ६५,७४८ | | | | | | | |
| 5. | Skilled Plumber | 10 | 0 | | 130 | ५६,९८२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १३ गते (28 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

Govt Lic. NO. 647/063/064
**SHARON MANPOWER SERVICES PVT. LTD.**
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457 / URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Mobile: 9851038901, 9803126395, 9851350582, 9801026390, 9746491713


# लोकतन्त्रको विकल्प अन्य व्यवस्था हुन सक्दैन : गृहमन्त्री लेखक

**कञ्चनपुर/मस–** गृहमन्त्री रमेश लेखकले लोकतन्त्रको विकल्प कुनै व्यवस्था हुन नसक्ने बताएका छन् । नेपाली कांग्रेस जिल्ला कार्यसमिति कञ्चनपुरले बुधबार आयोजना गरेको भेटघाट कार्यक्रममा गृहमन्त्री लेखकले लोकतन्त्रको विकल्प हुनै नसक्ने स्पष्ट पारे ।




'लोकतन्त्रमा जनताका अधिकारको सुरक्षा गर्ने, स्वतन्त्रता प्रदान गर्ने जनताको व्यवस्था हो,' गृहमन्त्री लेखकले भने, 'त्यसैले अहिलेको शासन व्यवस्थालाई हामीले सुदृढ गर्दै लग्नुपर्छ यसैमा जनताको विश्वास र भरोसा जगाउनुपर्छ ।' मुलुकमा ३/३ महिनामा संसद्मा प्रधानमन्त्रीले विश्वासको मत लिइराख्नुपर्ने अवस्था सिर्जना भएकाले संसदका दुई ठूला दल मिलेर सरकार बनेको उनको भनाइ थियो । गृहमन्त्रीले भने, 'एमाले र कांग्रेस मिलेर सरकार बनेको छ, यो सरकारको उद्देश्य देशमा स्थिरता कायम राख्ने र सुशासन कायम राख्नु हो ।' उनले जनजीविकाको सवाल र मुलुकमा आर्थिक उन्नति गर्ने सवालमा सरकार क्रियाशील भएर लागेको बताए ।

देशमा विधिको शासन कायम गर्न सरकार पूर्णरूपले लागि परेको गृहमन्त्री लेखकको भनाइ थियो । उनले पछिल्लो समय अपराधजन्य घटना वृद्धि भइरहेको बताए । 'लागुऔषध अहिले सबैभन्दा ठूलो समस्याका रूपमा देखिएको छ, युवाहरू लागुऔषधका कारण अपराधजन्य क्रियाकलाप भइराखेका छन्,' उनले भने, 'यी समस्यालाई पनि गहिरो ढंगले अध्ययन गरेर अगाडि बढ्नुपर्ने अवस्था छ ।'

गृहमन्त्री लेखकले सुशासन कायम राख्न र भ्रष्टाचार न्यूनीकरण गर्न सरकारले अत्यन्तै मेहनतका साथ काम गरिराखेको बताए ।

# लागुऔषधसहित विभिन्न स्थानबाट १० जना पक्राउ

**काठमाडौं/मस–** बाँकेको नेपालगन्ज उपमहानगरपालिका-१५ जमुनाहबाट अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ३ ग्राम ३ सय ४० मिलिग्राम सहित २ जनालाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा सोही उपमहानगरपालिका-१३ लालपुर बस्ने २० वर्षीय अमिर अली र कोहलपुर नगरपालिका-३ मदनचोक बस्ने २५ वर्षीय सुरेन्द्र विक रहेका छन् । इलाका प्रहरी कार्यालय जमुनाह र लागुऔषध नियन्त्रण ब्यूरो बाँकेबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेका उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यसैगरी बाँकेको कोहलपुर नगरपालिका-८ बाबानगरबाट अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ९ सय ६० मिलिग्राम, मोबाइल २ थान र नगद १२ हजार ९ सय १० रूपैयाँ सहित ३ जनालाई मंगलबार साँझ प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ डेरा गरी बस्ने सोही नगरपालिका-८ ठेगाना भएका ३० वर्षीय रेशम विक, सोही नगरपालिका-८ गोल्छा बस्ने २४ वर्षीय दिपक यादव र २२ वर्षीय केशव नेपाली रहेका छन् । इलाका प्रहरी कार्यालय कोहलपुर र लागुऔषध नियन्त्रण ब्यूरो नेपालगंजबाट खटिएको प्रहरीले रेशमको कोठा तलासी गर्दा उक्त पदार्थ फेला पारी उनीहरूलाई पक्राउ गरेको हो ।

सुनसरी, कोशी गाउँपालिका-१ बाट अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ सहित ५ जनालाई मंगलबार प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय लौकही र लागुऔषध नियन्त्रण ब्यूरो विराटनगरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ साइकलमा आउँदै गरेका बराहक्षेत्र नगरपालिका-९ राजावास बस्ने २२ वर्षीय शिव चन्द्रवंशी र २० वर्षीय अभिषेक चन्द्रवंशीलाई २ ग्राम, भारतबाट नेपालतर्फ आउँदै गरेको को.१४ प १९१७ नम्बरको मोटरसाइकलमा सवार भोक्राहा नरसिंह गाउँपालिका-५ बस्ने १९ वर्षीय नजाम मन्सुरीलाई ८ सय ३० मिलिग्राम र प्रदेश.१-०१-०१३ प ७६१५ नम्बरको मोटरसाइकलमा सवार इटहरी उपमहानगरपालिका-२ बस्ने ४० वर्षीय अमित गुरूङ र ४० वर्षीय हुकुम राईलाई १ ग्राम ६० मिलिग्राम ब्राउनसुगर जस्तो देखिने पदार्थ सहित पक्राउ गरेको हो ।


नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभागको**
**दावी विरोध सम्बन्धी सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त तपसिल बमोजिमका **HR International Employment Services Pvt.Ltd.** (इ.प.नं२४७/०५८/०५९) को सञ्चालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयरको हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेना देनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारी को लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपशिल

| साविक शेयरधनीहरुको नाम/शेयर संख्या | अब कायम हुने शेयरधनीहरुको नाम/शेयर संख्या |
|---|---|
| १. श्री नरेश गेलाल (०१-३२५००) (४७५०१-६००००) (६०००१-१६५०००)<br>२. श्री हिमान्सु अमात्य (३२५०१-४७५००) (१६५००१-२०००००) | १. श्री नरेश गेलाल (०१-२०००००) |



**Lumbini Provincial Government**
**Ministry of Social Development**
**Education and Social Development Directorate**
**Social Development Division Office**
**Tulsipur, Dang**

**INVITATION FOR BIDS (IFB)**

**Date of Publication : 2081-08-06 BS**

1. The **Social Development Division Office, Dang** invites electronic bids from eligible bidders for following works under National Competitive Bidding. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Social Development Division Office, Dang***or may visit **www.bolpatra.gov.np/egp**

| S. N. | Contract No/Bid No/ IFB No | Description of Works | Estimated Cost Excluding VAT | Bid Security Amount (NRS) | Bid Document Price (NRS) | Last date of Bid Submission & Time |
|---|---|---|---|---|---|---|
| 1 | NCB/ WORKS/ SDDOD/ 05/081/082 | 1. Ma.Bi Dharna Ma Gate Nirman Ghorahi 5, Dang.<br>2. Ma.Bi Saudiyar Ma Toilet Nirman Ghorahi 7, Dang.<br>3. Mata Pabitra Sanwed Sanskrit Bidhyalaya Ma Khajaghar Nirman Ghorahi 7 Dang.,<br>4. Madan Bhandari Me. School Ma Prakhal Nirman Ghorahi 17, Dang. | 26,77,120.69 | 1,00,000.00 | 3,000.00 | 2081/09/07 B.S UP to 12:00 |
| 2 | NCB/ WORKS/ SDDOD/06 /081/082 | 1. Gurujajur Ma.Bi Ma Interlock Block Ko Kam Tulsipur 4, Dang.<br>2. Amar Ma.Bi Urahari Ma Bhawan Nirman Tulsipur 11, Dang.<br>3. Shree Shanti Ma.Bi Ma Khajaghar Nirman Tulsipur 11, Dang.<br>4. Shree Laxmi Ma.Bi Ma Toilet Nirman Tulsipur 16,Dang. | 30,66,116.38 | 1,20,000.00 | 3,000.00 | |

मध्यान्ह
www.madhyanhadaily.com
६ मंसिर २०८१, बिहीबार
21 November 2024, Thursday

सम्पादकीय

# एमालेले स्वीकार्नुपर्ने गल्ती

सरकारको नेतृत्व गरिरहेको नेकपा एमालेले राजधानी काठमाडौंमा जनसभा गर्दै छ । दरबारमार्गमा १ लाख मानिस उतारेर जनसभा गर्ने लक्ष्यसहित एमालेको पंक्ति झण्डै २ सातादेखि सक्रिय छ । गत २४ कात्तिकमा बसेको सचिवालय बैठकले ७ मंसिरमा राजधानीमा जनसभा गर्ने निर्णय गरेको थियो । त्यही निर्णयबमोजिम राजधानी उपत्यकामा सक्रिय पार्टी कमिटीहरूको अनेक चरणमा बैठक बसेको छ । जनसंगठनहरूलाई मानिस ल्याउन संख्या तोकिएको छ । काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला कमिटीलाई सकेसम्म बढी मानिस उतार्ने जिम्मा दिइएको छ । उपत्यकाबाहेक बाग्मती प्रदेशका जिल्लाहरूबाट समेत मानिस सभामा सहभागी गराइँदै छ । सम्पर्क समन्वय कमिटी, जनसंगठन र भूगोल कमिटी परिचालन गरेर जनसभा गर्नुको औचित्य प्रस्ट पार्न भने एमाले नेतृत्वलाई कठिन परिरहेको देखिन्छ । कतिपयले सत्तारूढ भएर सडक प्रदर्शन गर्नुलाई संगतिपूर्ण निर्णय नभएको टिप्पणी गरिरहेका छन् । सत्तारूढ शक्तिले सरकारको डेलिभरीलाई चुस्त बनाउनुपर्नेमा सडक प्रदर्शन गर्नुलाई उल्टो निर्णय नै भनिरहेका छन् ।

तर, एमाले नेताहरूले भने जनसभा गर्नुको उद्देश्य सरकारलाई दबाब सिर्जना गर्नु नभएर आफ्ना कुरा जनतालाई सुनाउनु रहेको तर्क गरिरहेका छन् । सभाबारे जानकारी दिन बुधबार राजधानीमा आयोजित पत्रकार सम्मेलनमा उपमहासचिव प्रदीप ज्ञवाली र बाग्मती प्रदेश इन्चार्ज डा. राजन भट्टराईले अराजकता र निराशा बढेर गएकाले जनसभा गर्नुपरेको जबाफ दिए । देशमा केही नभएको भाष्य स्थापित गर्दै अराजकता मच्चाउने प्रवृत्ति बढेकाले त्यसविरूद्ध सन्देश दिन जनसभा गर्नुपरेको उनीहरूको भनाइ थियो । विशेषगरी प्रहरी अनुसन्धानमा रहेका दुर्गा प्रसाईंसहितको टोलीले अराजकता फैलाइरहेको एमाले नेताहरूको निष्कर्ष छ । प्रधानमन्त्रीमाथि नै कीर्ते गरेर भ्रम फैलाउनेसम्मको तहमा अराजकता पुगेको उपमहासचिव ज्ञवालीले बताएका थिए । अराजकता र लोकतन्त्र एउटै विषय नभएको पनि एमाले नेताहरूको तर्क छ । तर, उनीहरूले यो अराजकता सिर्जनाको कारणबारे चित्त बुझ्दो जबाफ दिन सकेका छैनन् ।

दुर्गा प्रसाईंलाई नै अराजक गतिविधिको नेता मान्दा पनि त्यसको सम्बन्ध एमाले नेतृत्वसँगै जोडिएको विषय हो । एउटा सामान्य ब्यापारीको परिचयलाई देशब्यापी बनाइदिने काम प्रधानमन्त्री केपी शर्मा ओली आफैंले गरेका थिए । प्रसाईंको घरमा खाना खाएको तस्बिर सार्वजनिक गर्ने अनि तिनै प्रसाईंलाई पार्टीको केन्द्रीय सदस्य मनोनीत गर्नेजस्ता निर्णयमार्फत ओलीले आफ्नो सम्बन्ध पुष्टि गरेका थिए । अहिले तिनै प्रसाईं एमाले र प्रधानमन्त्री ओलीलाई टाउको दुखाइको विषय बनेको छ । कतिसम्म भने लोकतन्त्रकै खतराका रूपमा प्रसाईंलाई चित्रित गरिएको छ । दोस्रो पटक प्रहरी नियन्त्रणमा रहेका ब्यापारीविरूद्ध सिंगो पार्टीको शक्ति परिचालन गर्नुपरेको छ । अर्थात् एमाले आफैंले हुर्काएको प्रवृत्ति र पात्रविरूद्ध जुध्नुपर्ने मोडमा आइपुगेको छ । र, भनिरहेको छ– 'यो लडाइँ लोकतन्त्रका निम्ति हो, अराजकताविरूद्ध हो ।' जनसभा गर्ने अधिकार हरेक दललाई छ, एमालेले उपयोग गर्न सक्छ । लोकतन्त्रका निम्ति एमालेको अडान सही पनि छ । तर, हालका प्रसाईं गलत हुन् भने विगतमा एमालेले गरेको निर्णयप्रति एमालेले माफी माग्नुपर्छ । त्यो माफीले एमालेप्रति भरोसा बढ्छ, घट्दैन ।

अग्रलेख



● विकेश श्रेष्ठ

# संकटमा जैविक विविधता

*अनुवंशी जि.एम. बायोटेक खेतीको दीर्घकालीन दुष्परिणाम हाम्रा किसान र खाद्य सुरक्षामा पर्ने निश्चित छ । कृषि बायोटेक कम्पनीहरूको धूर्त चाहनालाई कृषक, उपभोक्ता, आमनागरिक र कृषि विज्ञ वैज्ञानिकहरूका लागि आज बुझ्न जरुरी भएको छ*

जैविक विविधता पृथ्वीमा पाइने विभिन्न प्रकारका जीवजन्तु र बोट बिरुवाको प्रजाति र उपप्रजातिहरूको कारणबाट हुन्छ । कुनै देशमा पाइने जैविक विविधता ती देशको राष्ट्रिय विविधता हो किनकि देशमा नै क्रमिक विकासको क्रममा लाखौं करोडौं वर्षमा विकसित भयो । जैविक विविधताले नै जैविक सम्पदा अनुवंशी सम्पदा निर्माण गर्छ । प्रत्येक देशको जैविक सम्पदा विशिष्ट र अनौठो हुन्छ । कुनै देशको कृषि जैविक विविधता त्यो देशको प्राण हो किनकि यसले नै त्यो देशलाई खाद्य सुरक्षा प्रदान गर्छ । औपनिवेशिककालदेखि नै जैविक विविधताको प्रभाव तेस्रो विश्वबाट पहिलो विश्वमा अर्थात् गरिब र विकाशशील देशबाट धनी र विकसित देशतर्फ भइरह्यो । विकसित र औद्योगिक देश प्रायजसो तेस्रो देशको अनुवंशी सम्प्रदामा आश्रित छन् । जस्तो : क्यानाडामा गहुँको विभिन्न प्रकारका विकास तेस्रो विश्वबाट प्राप्त दर्जनौं जिनबाट गरियो । अमेरिकी फर्सीको विभिन्न प्रकार कोरिया, म्यानमार र भारतबाट ल्याएको जिनबाट गरियो । पालक सागको नयाँ प्रकार भारत, चीन इरान र तुर्किस्तानको जिनबाट गरियो । क्यालिफोर्नियामा फंफुद रोगबाट पीडित खरबुजा किसिमको सुधार भारतीय जिनद्वारा गरिएको पाइन्छ ।

तेस्रो विश्वको जैविक विविधता र अनुवंशी सम्पदा आजको भूमण्डलीकृत संसारमा भयानक संकटको स्थितिमा छ । तिनको अनुवंशी विरासत र जैविक सम्प्रभुतामाथि चुनौती उत्पन्न भएको छ । जल, जमिन र जंगलपछि अहिले जिनमाथि पनि निजीकरणको कालो बादल मडारिन लागेको छ । विश्व व्यापार संगठनको सम्झौतापछि तेस्रो विश्वका देशमा जैविक कृषिलाई विकसित देश र त्यसको बहुराष्ट्रिय बायोटेक कम्पनीहरूद्वारा निकै तामझामबाट प्रोत्साहित, प्रेरित र प्रचारित गरिंदै छ ।

जिनान्तर अर्थात् जी. एम. (जेनेटिकल्ली मोडिफाइड) फसलको खेतीलाई जैविक तथा बायोटेक खेती भनिन्छ । वस्तुतः बहुराष्ट्रिय बायोटेक निगमद्वारा प्रचारित हरित क्रान्ति- २ तेस्रो देश विशेषतः एसियाली देशका कृषि प्रणाली जैविक कृषिका लागि बाध्य पार्छन् । यसबाट ती देशलाई बायोटेक जी. एम. (जेनेटिकल्ली मोडिफाइड) खेतीका लागि आश्रित हुन्छन् र ती देशका खाद्य सुरक्षा समाप्त पारिरहेका छन् ।

खाद्यसम्बन्धी अमेरिकी विदेश नीतिको पुरानो सोच विचारणीय रणनीति रहेको छ । यस सम्बन्धमा सन् १९५७ मा अमेरिकी उपराष्ट्रपति ह्युवर्ट हम्फ्रेको भनाइ महत्त्वपूर्ण छ । उनले भनेका थिए, 'यदि तिमी विश्वका मानिसको झुकाउ होस् र सहयोगका लागि तिमीहरूसँग होस् भन्ने चाहन्छौ भने खाद्यमाथि नियन्त्रण आश्चर्यजनक रूपले महत्त्वपूर्ण हुन्छ ।' अर्का अमेरिकी पूर्वमन्त्री चार्ल्स डलेसले पनि आजभन्दा ५ दशक पहिले भनेका थिए, 'यदि एसियालाई नियन्त्रणमा राख्ने हो भने चामललाई नियन्त्रण गर ।' आज वैश्वीकरणको दौरान यस्तै गरिंदै छ । बायोटेक कम्पनीहरू, जसले आफूद्वारा सिर्जित जी. एम. बिउको खेती गर्न तेस्रो विश्वलाई बाध्य पार्न चाहन्छन् ।



तेस्रो विश्वको जैविक जिन संसाधन जिन सम्पदा र कृषि प्रणालीको निगमीकरण नै जैविक साम्राज्यवाद हो । बायोटेक्नोलाजीको घोडामाथि सवार एक परोपकारी शुभचिन्तकको मुकुन्डो लगाएको यो जैविक साम्राज्यवाद यो शताब्दीको नवीनतम् र अतिसूक्ष्म साम्राज्यवाद हो । यसले तेस्रो देशको विश्व खाद्य सुरक्षा समाप्त गरेर त्यसलाई सधैंका लागि गुलाम बनाउन चाहन्छ । यस पटक यिनको हातमा आणविक अस्त्र शस्त्रको साथ जी. एम. बीजको ब्रह्मास्त्रमा पनि साथ छ । यो जी. एम. बीजरूपी ब्रह्मास्त्रले पूरै पृथ्वीलाई बन्जर बनाउने छ । पर्यावरण र जैविक विविधताको विनाश गर्ने छ । जीवनको अस्तित्व नै मेटाउने छ । तब इतिहासको अन्त होइन, यो धर्तीको जीवन पनि अन्त हुनेछ ।

अनुवंशी जी. एम. बायोटेक खेतीको दीर्घकालीन दुष्परिणाम हाम्रा किसान र खाद्य सुरक्षामा पर्ने निश्चित छ । कृषि बायोटेक कम्पनीहरूको धूर्त चाहनालाई कृषक, उपभोक्ता, आमनागरिक र कृषि विज्ञ वैज्ञानिकहरूका लागि आज बुझ्न जरुरी भएको छ । तेस्रो विश्वका किसानहरू यस मुद्दामा एकजुट हुनुपर्ने छ ।

जैविक (जिन) संरक्षण र बीज सम्प्रभुताको चुनौतीले सीमा पार गरिसकेको छ । यसबारे हाम्रो सरकार र कृषि विज्ञ वैज्ञानिकहरू अन्जान छन् भन्न मिल्दैन । कृषिको आधुनिकीकरणको जहाजमा सवार भएर स्वविनाशको यात्रा गरिरहेको छ । रैथाने जैविक (जिन) विविधताको स्रोत र सूचना गरेर देशको लगानीबाट तयार भएको नेपाली बौद्धिक सम्पत्ति विदेशी दाता राष्ट्रहरूलाई वा बायोटेक

*तेस्रो विश्वको जैविक विविधता र अनुवंशी सम्पदा आजको भूमण्डलीकृत संसारमा भयानक संकटको स्थितिमा छ । तिनको अनुवंशी विरासत र जैविक सम्प्रभुतामाथि चुनौती उत्पन्न भएको छ । जल, जमिन र जंगलपछि अहिले जिनमाथि पनि निजीकरणको कालो बादल मडारिन लागेको छ*

बहुराष्ट्रिय कम्पनीहरूलाई कौडीको मूल्यमा बेच्ने धन्दा निरन्तर जारी रहेसम्म जनताले गरिबीबाट उन्मुक्ति पाउने छैनन् । हाइटेक भनौं वा हाइब्रिड जी. एम. खेतीको राष्ट्रिय भ्रमको खेती गरेर कृषियोग्य जमिन माटो बाँझो बन्जर बनाउन सरकार नै मुख्य रूपमा जिम्मेवार छ ।

देशले अहिलेसम्म करिब ३०० जना वरिष्ठ कृषि विज्ञ तथा वैज्ञानिक तयार पारेको छ । देशले उच्च ओहोदाका कृषि कर्मचारी पाएको छ । तर, परिणामको स्थिति छ- देशको जमिन रूखो अनुत्पादित माटोमा परिणत भइरहेको छ, जनता अखाद्य खानेकुरा भोग गर्न बाध्य छन् । देश खाद्य आपूर्तिमा ७०-८० प्रतिशत परनिर्भर बनेको छ । कृषि सामाग्री र कृषि प्रविधिमा करिब-करिब पूर्ण रूपले परनिर्भर भइरहेको छ ।

कृषि पेसाबाट पलायन भएकाहरू शहर बजारका सडकपेटी र फुटपाथमा धूलो, धुवाँको परवाह नगरीकन खुद्रे व्यापारमा जीवनको भविष्य नियाल्दै छन् । या त वैदेशिक रोजगारी सबैभन्दा सुरक्षित मानेर विदेश पलायन भइरहेका छन् । रेमिट्यान्सले राज्य सत्ता संचालन सहज हुने ठान्ने सरकार भने दंग छ । गाउँ बस्ती मानवरहित बन्दै पुर्ख्यौली थातथलो छाड्दै शहर बजारमा लागेको ओइरोलाई शहरी विकास मान्नु विडम्बना नै मान्नुपर्छ ।

सरकारले बजेट भाषणमा कृषिलाई प्राथमिकतामा राखेको दाबी गर्छ । तर, व्यवहार भने कृषिले राष्ट्रिय गार्हस्थ्य उत्पादनमा गरेको योगदानको ५ गुणाभन्दा कम बजेट विनियोजन गर्छ । संसद्मा कृषिको विषयले प्रवेश नै पाउँदैन । जिन संरक्षण, बीज सम्प्रभुता र खाद्य सुरक्षाको विषय राजनीतिको केन्द्र भागमा बहस र रुचिको विषय पर्दैनन् भने कृषि आधुनिकीकरणको कल्पना पनि कसरी गर्न सकिन्छ ? सरकारले हरेक वर्ष जारी गर्ने बजेटमा अनुदान र कमिसनका पारखीहरू र पहुँचवाला सांसदहरूबाहेक कसैलाई उत्साहित पार्दैन । नवनियुक्त कृषिमन्त्रीहरू सुरुका दिनमा केके नै गर्ने हुन् कि भनेझैं गरी फुर्तीफार्ती खुबै देखाउँछन् तर जिम्मेवारीको समयमा ओइलाएको सागझैं देखिन्छन् । मन्त्री हुँदा जनतासँग गरेको बचनबद्धता किन पूरा भएनन् ? भूपू मन्त्री भएर घर फर्कंदा पनि रहस्य खोल्दैनन् किनभने उनीहरूले मन्त्री हुँदाका समयमा राज्यप्रति उत्तरदायित्वको शपथ जो खाएका छन् । आपूर्तिमन्त्री त्यो नै योग्य ठहरिन्छ, जसले वाणिज्य आपूर्तिको परम्परा धान्न सक्छन् । आयातबाट निरन्तर आयात गर्न सक्नुभन्दा अर्को ठूलो कार्य देख्दैनन् ।

आपूर्ति रणनीतिमा आत्मनिर्भर र अन्तरनिर्भरताको महत्त्वबोध देशको जिम्मेवार आपूर्तिमन्त्रीलाई थाहा नहुने कुरा होइन । यो पनि सत्य हो कि मन्त्रीको एक्लो प्रयासले यथास्थितिमा परिवर्तन हुने होइन, परन्तु यसतर्फ प्रयास कति भए गरिए भन्ने कुराले महत्त्व राख्छ । देश जसरी आपूर्तिको नाममा दिनानुदिन परनिर्भर बन्दै छ, आन्तरिक रूपले राष्ट्रिय क्षयीकरण भइरहेको छ ।

सरकारका मन्त्री कृषि रणनीतिकार र उच्च ओहदाका कृषि कर्मचारीहरू नै देशको जैविक विनाश र बीज सम्प्रभुता समाप्त पार्न लागेका त होइनन् ? यो आरोपको लागि होइन । अहिलेसम्मको परिणामले वास्तविकता नांगो रूपमा देखाइरहेछ । स्थानीय रैथाने जैविक वनस्पतिमाथि 'दाता' (लुटाहा) देशका सरकार र बहुराष्ट्रिय कम्पनीहरूले टिप्स र पेटेन्ट नाममा कहिले कति बेला र कसले एकाधिकार कायम गरेको जनताले पत्तै नपाउने स्थिति छ । अमेरिका, युरोपियन लगायतका शक्ति राष्ट्रले बीज र पेटेन्ट अधिनियम लगाएर नेपाल जस्तो विकासोन्मुख मुलुकमाथि जी. एम. खेती गर्न बाध्य पारेर आश्रित तथा पराधीन बनाइदिए । उन्नत जातका जी. एम. बीजले स्थानीय बीज समाप्त पारिसकेको छ । तर, सरकारलाई स्थानीय रैथाने बीज संकटबारे चासोसमेत देखिँदैन ।

अधिक फसल उत्पादन गर्ने र दैनिकी सहज बनाउने आसमा किसानहरूमा अज्ञानतावश स्थानीय रैथाने बिउ त्यागेर जी. एम. बीज र रसायन प्रयोग गर्न लत बसिसकेको अवस्था छ । किसानलाई रैथाने बीज संरक्षण पुनर्जीवनको तथा जैविक खेतीको अवस्थामा फर्काउन धेरै मूल्य चुकाउनुपर्ने छ ।

सरकारका पदाधिकारीहरू, बायोटेक, बहुराष्ट्रिय कम्पनीहरूले दिने अवसरको लोभमा नेपाली किसानलाई जी. एम. खेती गर्नै पर्ने परिस्थिति बनाएर किसान समुदायको सर्वस्वहरण गराउँदै छन् । पुर्ख्यौली थातथलो गाउँ बस्ती उजाड पारेर बसाइँ सर्न बाध्य पारिँदै छ ।

भारतीय लाखौं किसान ऋणमा डुबेर आत्महत्या गर्नुपर्ने अवस्थामा पुऱ्याएझैं नेपाली किसानलाई पुर्ख्यौली गाउँ बस्तीबाट विस्थापित गरिँदै छ । खेती किसानी पेसाबाट विस्थापित भएका किसान शहर बजारका सडकपेटी र ठेला गाडामा खुद्रा व्यापारीको रूपमा देखिन थालेका छन् । तिनका छोराछोरी भने विदेशी श्रम बजारमा भौंतारिँदै नेपाली श्रमिक भएर ख्याति पाएर देशलाई चिनारी दिइरहेको छ । यो सबै नेपाल सरकारका राजनीतिक पदाधिकारी र कर्मचारीहरूको करामतको प्रतिफल मान्नुपर्छ ।

कृषिमा परनिर्भर भयौं । के हामीसँग कृषि उपयोगी जमिन, जल र जंगल नभएर हो ? जैविक विविधतामा आश्रित भएर हो कि खेती गर्ने जनशक्ति नभएर हो ? कृषिमा भन्दा बढी आयआर्जन अन्य पेसामा भएर हो वा कृषिको पेसामा इज्जत, सम्मान नभएर हो कि ? यदि यी सबैको प्रश्नको उत्तर होइन भन्छौ भने समस्याको जड कहाँ हो ? यसको उत्तर एउटै छ- राज्यका र राजनीतिक पदाधिकारीको गैरजिम्मेवारीपन र निकम्मापन नै हो । नेपाली जैविक सम्पदा नै विश्व बजारमा सबैभन्दा आकर्षक बन्न सक्छ ।

खाद्य सुरक्षा वा आपूर्तिको कुरामा मात्र होइन, विश्वका कुनै पनि देशसँग आत्मनिर्भरताकै अवस्थामा खुला बजार प्रतिस्पर्धा गर्न सम्भव छ । नेपाली रैथाने अर्ग्यानिक खाद्य, नेपाली जडीबुटी नेपाली हिमाली पानीसँग प्रतिस्पर्धा गर्ने छैन ।

## सामाजिक सञ्जाल



**- डम्बर खतिवडा**

के नागरिकताको प्रतिलिपि लिँदा अंग्रेजीको सर्ट फर्मलाई नै मूल नाम बनाउन पाइने कुनै नियम, कानुन वा प्रचलन छ यो देशमा ? छ भने यो अधिकार किन शक्तिशालीका लागि मात्रै, सर्वसाधारणले प्रयोग गर्न किन नपाउने हो ? नोट- यो ट्विट कसैप्रति लक्षित छैन, समानताको हकको खोजीका लागि मात्रै ।



**- रामेश**

जसरी अधिकारप्राप्त व्यक्तिले कुनै अपराध गरे अधिकार नभएको व्यक्तिभन्दा धेर सजाय हुन्छ, त्यसरी नै आममानिसले फेक कुरो सामाजिक संजालमा प्रेषित गर्दा जति सजाय हुन्छ, पत्रकारले सोही कार्य गरे झन् धेर सजाय हुनुपर्छ । स्रोतको भनाइ भन्दै दलाली पत्रकारिता गर्न 'पत्रकार' झन् डराउनै पर्छ ।



**- मधुकर उपाध्याय**

स्कुल पढ्दाको कुरो । दरबार स्कुलमा पढ्थें म । खेल्ने ठाउँ रत्न पार्क हुन्थ्यो । एक दिन असनमा ४७ पैसा पाउमा बेच्नुपर्ने चिनी १ मोहरमा बेच्ने साहुलाई पक्रेर रत्न पार्कमा भएको अंचलाधीशको कार्यालयमा ल्याएको देखेथें । सायद कालोबजारी नियन्त्रण गरेको होला । कुरो ३ पैसाको थ्यो ।



**- नारायण अमृत**

तथ्य प्रमाणबिना दुर्गा प्रसाईंको बोली र दाबीका भरमा भिडियोहरू झल्याकझुलुक पारेर युट्युब र सोसल मिडियामा प्रधानमन्त्री केपी शर्मा ओलीको वैदेशिक लगानीबारे जुन गम्भीर प्रकृतिको बलिङ भइरहेको छ, यो खतरनाक छ । आज ओलीमाथि होला, भोलि जोसुकैमाथि पनि हुन सक्छ । यो महारोग हो है !

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | शुभकार्य सम्पन्न हुने छ । भवन निर्माण कार्यमा खर्च हुने छ । |
| वृष | : | व्यापारिक कार्यहरूमा राम्रो लाभ मिल्नेछ । स्वास्थ्य राम्रो रहनेछ । |
| मिथुन | : | विरोधी सक्रिय रहने छन् तर असफल हुने छन् । समय अनुकूल छ । |
| कर्कट | : | अर्कामाथि भरोसा नगर्नु होला । सापट दिँदा ख्याल गर्नु होला । |
| सिंह | : | यात्रा हुने योग छ । अध्यापनमा रुचि बढ्ने योग छ । |
| कन्या | : | स्वास्थ्य राम्रो रहनेछ । खर्चमाथि नियन्त्रण राख्नुपर्छ । |
| तुला | : | कृषिजन्य कार्यमा लाभ मिल्ने छ । घरेलु कार्यमा अनावश्यक खर्चको योग छ । |
| वृश्चिक | : | राजनीतिक कार्य सफल हुने छ । अर्कामाथि विश्वास गर्न मिल्दैन । |
| धनु | : | पुराना मित्रहरूसित भेटघाट हुने छ । वाहन सावधानी जरुरी छ । |
| मकर | : | राजनीतिक सहयोग प्राप्त हुने छ । बिस्तारै प्रगति हुने योग छ । |
| कुम्भ | : | पारिवारिक कार्य सफल हुने छ । मनोबल उच्च रहने छ । |
| मीन | : | रोकावटहरू समाप्त हुने छन् । भौतिक साधन उपलब्ध भइरहने छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# न्यायको प्रतीक्षा कहिलेसम्म ?



● रमेश लम्साल

*हतियार व्यवस्थापन तथा तत्कालीन माओवादीका लडाकु व्यवस्थापन जस्ता महत्त्वपूर्ण काम पूरा भए पनि द्वन्द्वपीडितले न्याय पाउन नसक्दा समाजमा असन्तुष्टि कायमै छ । आफन्त बेपत्ता भएका नागरिकको व्यग्र प्रतीक्षाले कहिले पूर्णता पाउने हो, प्रश्न कायम छ ।*

द्वन्द्वका कारणहरूको खोजी गर्ने र पीडितलाई राहत तथा परिपूरण उपलब्ध गराउने लक्ष्यका साथ मुलुकमा शान्ति सम्झौता भएको १८ वर्ष पूरा भएको छ । सम्झौताअनुसार सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गर्नका लागि मानवताविरुद्धको अपराधमा संलग्नको सत्य अन्वेषण गरी दोषीलाई कारबाही गर्ने उद्देश्य राखिएको थियो । लामो राजनीतिक रस्साकस्सीका बीच सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग २७ माघ २०७१ मा गठन गऱ्यो । सरकार र द्वन्द्वरत पक्षबीच सम्झौता भएको साढे ८ वर्षपछि यी २ आयोग बनेका थिए । दुवै आयोगले पीडितहरूको निवेदन लिने र क्षतिपूर्तिको सामान्य काम गरे पनि अरू प्रक्रिया अगाडि बढाउन सकेनन् । राजनीतिक दलबीच मतैक्य नहुँदा लामो समयसम्म शान्ति प्रक्रियाका बाँकी काम पूरा हुन नसकेको गुनासो व्याप्त छ ।

१ फागुन २०५२ देखि चलेको १० वर्षे सशस्त्र द्वन्द्वलाई शान्ति यात्रामा ल्याउन ५ मंसिर २०६३ मा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र नेपाल कम्युनिस्ट पार्टी (माओवादी)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बीच १२ बुँदे विस्तृत शान्ति सम्झौता भएको थियो । सोही सम्झौताका आधारमा अन्तरिम संविधान, २ पटक संविधानसभाको निर्वाचन, संविधान निर्माणलगायतका काम पूरा भए ।

नेपालको विशेषतामा अगाडि बढेको शान्ति प्रक्रियाको बाँकी कामका रूपमा रहेको पीडितलाई राहत, क्षतिपूर्ति तथा परिपूरण गर्ने र द्वन्द्वका कारणहरूको खोजी गरेर आगामी दिनमा दोहोरिन नदिन आवश्यक पहल जरुरी छ ।

शान्ति सम्झौतापछि देशमा राजनीतिक परिवर्तन भयो । जनताका प्रतिनिधिले लेखेको संविधान जारी भयो । नेपाली नागरिक खास अर्थमा सार्वभौम भए । यस्तै, हतियार व्यवस्थापन तथा तत्कालीन माओवादीका लडाकु व्यवस्थापन जस्ता महत्त्वपूर्ण काम पूरा भए पनि द्वन्द्वपीडितले न्याय पाउन नसक्दा समाजमा असन्तुष्टि कायमै छ । आफन्त बेपत्ता भएका नागरिकको व्यग्र प्रतीक्षाले कहिले पूर्णता पाउने हो, प्रश्न कायम छ ।

बेपत्ता नागरिकको सत्यतथ्य सार्वजनिक गर्ने, घाइतेको उपचार र क्षतिपूर्ति, पीडित परिवारको जीविका, स्वास्थ्य, शिक्षालगायतका विषयमा अपेक्षित काम हुन नसकेको गुनासो व्याप्त छ । सरकारले पछिल्लो पटक ३० चैत २०८० मा सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता परिवारका व्यक्तिको छानबिन आयोगमा पदाधिकारी सिफारिस गर्नका लागि सिफारिस समिति गठन गरेर आवश्यक प्रक्रिया अगाडि बढाएको छ । पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्र संयोजकत्वको सिफारिस समितिले २ आयोगका पदाधिकारी सिफारिस गर्ने छ । हाल आवेदनको प्रक्रिया चलिरहेको छ ।

द्वन्द्वपीडितलाई न्याय दिन ढिलाइ गर्नु हुँदैन भन्ने सरकार र सम्बद्ध राजनीतिक दलको समान मत भए पनि कानुन निर्माणमा नै एक दशक लाग्दा केही आशंका भने कायमै थियो । पछिल्लो पटक राजनीतिक सहमतिका आधारमा संक्रमणकालीन न्यायसम्बन्धी ऐन निर्माण भएकाले अब भने पीडितले न्याय पाउने आधार तय भएको छ ।

शान्ति सम्झौताअनुरूप नै दुवै पक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गर्नका लागि प्रतिबद्ध रहेको उल्लेख थियो । सोही उद्देश्यका साथ सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग २७ माघ २०७१ मा गठन गरे पनि काम पूरा नभई आयोग पदाधिकारीविहीन हुन पुग्यो । २ वर्षभित्र सम्पूर्ण काम सक्ने भनेर गठन गरिएका यी २ आयोगमा पहिलो पदाधिकारीले ४ वर्षसम्म जिम्मेवारी पूरा गरे । पछिल्लो पटक १ साउन २०७९ देखि आयोग पदाधिकारीविहीन छ । सत्य निरूपण तथा मेलमिलाप आयोगमा हालसम्म ६३ हजार ७१८ वटा उजुरी दर्ता भएका छन् । तीमध्ये ३ हजारलाई आयोगले तामेलीमा राख्ने निर्णय गरेको थियो ।

आयोगले द्वन्द्वपीडित परिचयपत्र उपलब्ध गराउने र पीडितलाई परिपूरणको फाराम भराउने र परिपूरणको सिफारिस गर्ने काम गरे पनि पदाधिकारी नहुँदा काम अघि बढ्न सकेन । बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा ३ हजार २४३ उजुरीमध्ये २३७ वटा उजुरी सत्य निरूपण तथा मेलमिलाप आयोगसँग सम्बन्धित भएकाले त्यहाँ पठाएको छ । २ हजार ४९६ उजुरीमा विस्तृत छानबिन भइरहेको छ ।

लामो प्रयासपछि बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक (तेस्रो संशोधन), २०८१ राष्ट्रपतिबाट प्रमाणीकरण भई कार्यान्वयनमा आइसकेको छ । ऐनमा २ आयोगका सिफारिस समिति गठन भएको बढीमा २ महिनाभित्र अध्यक्ष तथा सदस्यको नाम सिफारिस गरिसक्नुपर्ने र पदाधिकारीको पदावधि नियुक्ति भएको मितिले ४ वर्षको हुने व्यवस्था छ ।

ऐनले गरेको व्यवस्थाअनुसार सरकारले आयोगको कामलाई तीव्रता दिन जरुरी छ । पीडितले न्याय पाएको अनुभूति हुनेगरी आयोगले काम गर्नुपर्ने धेरैको मत छ । पीडितले पूर्ण रूपमा न्याय पाएको अनुभूति हुनेगरी संक्रमणकालीन न्यायको काम अगाडि बढाउन सरकार, सम्बद्ध पक्ष उत्तिकै जिम्मेवार हुनुपर्ने साझा मत रहँदै आएको छ । राजनीतिक सहमतिका आधारमा ऐन निर्माण भएको, आयोगका पदाधिकारी छनोटको प्रक्रिया सुरु भएको सन्दर्भमा पछिल्ला दिनमा पीडितले न्याय पाउने आशा भने बढेर गएको अनुभव गर्न सकिन्छ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । – सं.

# पुथाउत्तरगंगा– २ मा माओवादीका घर्ती निर्विरोध निर्वाचित

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ५ मंसिर



स्थानीय तहको उपनिर्वाचन अन्तर्गत रुकुम पूर्वको पुथाउत्तरगंगा गाउँपालिका २ को वडाध्यक्षमा जगत घर्ती निर्विरोध निर्वाचित भएका छन्। मुख्य निर्वाचन अधिकृतको कार्यालयले अन्य कुनै उम्मेदवार नभएपछि माओवादी केन्द्रका घर्ती निर्विरोध निर्वाचित भएको घोषणा गरेको हो।

नेपाली कांग्रेस र नेकपा एमालेका संयुक्त उम्मेदवार एमालेका जीवन रोका र स्वतन्त्र उम्मेदवार शुक्रराज विकले उम्मेदवारी फिर्ता लिएपछि माओवादी केन्द्रका जगत घर्ती निर्विरोध निर्वाचित भएका हुन्। गठबन्धनका उम्मेदवार रोकाले घर्तीलाई समर्थन गर्दै उम्मेदवारी फिर्ता लिएको नेकपा माओवादी केन्द्र जिल्ला सयोजक मेगबहादुर श्रेष्ठले बताए।

यता जिल्ला समन्वय समिति कैलालीको प्रमुखमा नेपाली कांग्रेसका प्रत्यासी टीका चौधरी भुल निर्विरोध निर्वाचित भएका छन्। जिल्ला समन्वय समितिको प्रमुखमा उम्मेदवारी दिएका नागरिक उन्मुक्ति पार्टीका रुपमति डगौरा थारुले उम्मेदवारी फिर्ता लिएपछि उनी निर्विरोध निर्वाचित भएको निर्वाचन अधिकृत प्रेमराज भट्टले जानकारी दिए।

जिसस प्रमुखमा निर्वाचित भुल कैलाली गाउँपालिकाको वडासदस्यमा निर्वाचित हुन्। जिसस प्रमुखका लागि नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीलगायतका दलले प्रत्यासी उठाएको थिएन। जिसस प्रमुखको निर्वाचनमा कैलाली जिल्लाका १३ स्थानीय तहका अध्यक्ष/उपाध्यक्ष, प्रमुख/उपप्रमुख गरी २६ मतदाता रहेका थिए।

दुई वर्षअघि भएको स्थानीय तहको निर्वाचनमा कैलाली जिल्ला समन्वय समितिको प्रमुखमा निर्वाचित पदमबहादुर कलेलको निधनपछि पद रिक्त थियो। सुदूरपश्चिम प्रदेशमा रिक्त रहेको बाजुरा जिल्ला स्वामीकात्तिकखापर गाउँपालिकाको उपाध्यक्ष, कञ्चनपुर, भीमदत्त नगरपालिका-६, डोटी पूर्वीचौकी गाउँपालिका-६, दार्चुला दुहुँ गापा-५ र बझाङ सुर्मा गापा-४ को वडाध्यक्ष पदका लागि यही मंसिर १६ गते उपनिर्वाचन हुँदैछ।

# बाँकेको राप्ती नदी कटान क्षेत्रमा मुख्यमन्त्रीले गरे अवलोकन

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, ५ मंसिर



बाँकेमा राप्ती नदीमा आउने बाढीका कारण डुबान र कटानको समस्या समाधान गर्न प्रदेश सरकारले ध्यान दिने भएको छ।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य बुधबार राप्ती नदीले कटान गरेको स्थलहरुको अवलोकन गर्दै नागरिकहरुले भोग्दै आएको डुबान र कटानको समस्या समाधान गर्ने गरी अल्पकालिन र दिर्घकालिन समाधानका योजनाहरु अघि सारिने बताएका छन्। राप्ती सोनारी गाउँपालिका-७ खल्ला झगडियामा डुबान र कटानको समस्या बढ्दा मानव बस्ती उच्च जोखिममा परेको छ। स्थलगत अवलोकन गर्दै मुख्यमन्त्री आचार्यले डुबान र कटानको उच्च जोखिम रहेका स्थलहरुको पहिचान गरेर तटबन्धको योजना सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरेको स्थानीय राजु केवटले बताए। राप्ती नदीमा आउने बाढी र त्यसले पुर्‍याउने जोखिम न्यूनीकरण गर्न अल्पकालिन र दिर्घकालिन योजना अघि बढाउनुपर्छ। यसमा प्रदेश सरकारले पहल लिन्छ’मुख्यमन्त्री आचार्यले भने,‘जहाँ जोखिम छ, त्यहाँ तटबन्धको आयोजनाको काम अघि बढाउन जरुरी छ।’

राप्ती नदीमा आउने बाढीका कारण बाँकेका नदी तटिय क्षेत्र सधैं डुबानमा पर्ने गरेका छन्। स्थानीयहरु विस्थापित हुने र खेतियोग्य जमिन बगरमा परिणत हुँदा समस्या बढ्दै गएको छ। नरैनापुर गाउँपालिका डुबान र कटानका कारण पूर्ण प्रभावित हुँदै आएको छ भने राप्ती सोनारी गाउँपालिका वडा नं. ७ को ७५ प्रतिशत भू-भाग प्रभावित हुँदै आएको स्थानीय पूर्णबहादुर चौधरीले बताए।

‘राप्ती नदीले कटान तीव्र पार्दा हाम्रो उठिवास हुने अवस्था आयो। सरकारले समयमा तटबन्ध नगरे हामी विस्थापित हुने जोखिम छ’उनले भने,‘समस्या समाधान गर्ने गरी कार्यक्रम चले राम्रो हुन्थ्यो।’

राप्ती नदी तटबन्धका लागि संघीय सरकारले जनताको तटबन्ध कार्यक्रम गर्दै आएको छ।

# गोदावरी स्टील उद्योगले मजदुरमाथि दमन गरेको आरोप

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, ५ मंसिर




रौतहटको गोदावरी स्टिल उद्योगले सरकारबाट ऋण लिएर सरकारी बैंकलाई नै झुक्याएको छ।

उद्योगले विद्युत् प्रयोग गरे बापत करौडौं रुपैया नतिरेको पाइएको छ। साथै उद्योगले नेपालभन्दा भारतीय मजदुरलाई प्राथमिकता दिन थालेको गुनासो पनि बढेको छ। नेपाली मजदूरहरूका अनुसार उद्योग संचालकले भारतीय मजदूरलाई भर्ना गरेपछि नेपाली मजदुरहरू मारमा परेका छन्। उद्योगले नेपालको नियम कानुन मिचेको पनि आरोप लागेको छ।

मंगलवार रौतहटको चन्द्रनिगाहपुर इलाका प्रहरी कार्यालयमा मजदुरहरूले आफूमाथि उद्योगले दमन गरेको भन्दै उजुरीसमेत दर्ता गरेका छन्। स्थानीय मजदूरहरूका अनुसार उद्योग माथि पटक पटक उजुरी दर्ता भएको छ।

यसका साथै उद्योगमा कार्यरत भारतीय मजदुरलाई ज्याला नदिने र बिना कारण कामबाट निकालिने पनि गरिएको छ।

# तीन वर्षपछि क्यान्सर अस्पतालमा पुनः ‘मेमोग्राफी’ सेवा



**चितवन/मस–** बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुरमा पुनः ‘मेमोग्राफी’ सेवा सुरुवात गरिएको छ। स्तन क्यान्सर पहिचानका लागि निकै उपयोगी मेसिन बिग्रिएपछि विगत तीन वर्षदेखि सेवा बन्द रहेको थियो। नयाँ मेसिन जडान गरी पुनः सेवा सुरु गरिएको हो।

अस्पतालका उपनिर्देशक डा उमेश नेपालका अनुसार इटालीमा बनेको ‘डिजिटल मेमोग्राफी’ स्वास्थ्य सेवा विभागले खरिद गरी अस्पताललाई उपलब्ध गराएको छ। विगतमा अस्पतालमा यो मेसिन भए पनि बिग्रिएपछि विगत तीन वर्षदेखि सेवा बन्द रहेको उनको भनाइ छ। बिग्रिएको मेसिन मर्मत हुन नसक्ने भए पनि नयाँ खरिदका लागि स्वास्थ्य मन्त्रालयमा आग्रह गरिएको थियो।

मेसिन एक महिनाअघि नै अस्पतालमा आएको भए पनि जडानका लागि प्राविधिकहरु आइपुग्न ढिलो हुँदा अहिले सञ्चालनमा ल्याइएको उनले जानकारी दिए। स्तन क्यान्सरको परीक्षणमा अति प्रभावकारी यो मेसिन जडान र सेवा सुरु भएसँगै स्तन क्यान्सर समयमै पत्ता लगाइ प्रभावकारी उपचार सुरु गर्न अझ बढी सहयोग मिल्ने उनको भनाइ छ।

अस्पतालका कार्यकारी निर्देशक डा शिवजी पौडेलले रु तीन करोड हाराहारी पर्ने उक्त मेसिन आएसँगै सेवालाई चुस्त बनाउन सहयोग मिलेको बताए। उनका अनुसार पछिल्लो समय अस्पतालमा भएका पुराना मेसिन उपकरणको मर्मत र नयाँ खरिद गरी सेवालाई थप प्रभावकारी बनाइएको छ। क्यान्सरको उपचार र परीक्षण प्रक्रिया आफैंमा लामो हुने भन्दै कार्यकारी निर्देशक डा पौडेलले भने, ‘बिरामी लामो पालो कुर्नुपर्ने अवस्थालाई घटाउँदै लगेका छौं। अब रेडियोलोजी, शल्यक्रिया, प्रयोगशाला जस्ता सेवामा धेरै लामो पालो कुर्नुपर्ने अवस्था छैन।’

नेपाल सरकार
गृह मन्त्रालय
**प्रहरी वृत्त कीर्तिपुर, काठमाण्डौं**
(प्रबन्ध शाखा)
कार्यालय कोड: ३१४०४३५२२

**सरकारी सम्पति तथा जिन्सी मालसामानको लिलाम बिक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना**

सूचना नं. ०१ (२०८१/०८२)
**दोस्रो पटक प्रकाशित मिति: २०८१/०८/०६ गते** ने.सं. ११४५ बिहीबार।

यस **प्रहरी वृत्त कीर्तिपुर काठमाण्डौ र ईलाका प्रहरी कार्यालय फर्पिङमा** रहेका वेवारिसे/स्वामित्व नखुलेका (दुई पाङ्ग्रे) सवारी साधनहरू **सरकारी सम्पत्ति तथा जिन्सी मालसामानहरु लिलाम बिक्री सम्बन्धी कार्यविधि, २०७९ को परिच्छेद ३ दफा २० को उपदफा ३** बमोजिम पत्रुको रुपमा लिलाम बिक्री गर्ने निर्णय भएको हुँदा जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा शिलवन्दी बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। पुन : दोश्रो पटक प्रकाशित भएको सूचनाको मितिले (सूचना मिति २०८१/०८/०६ गते) ८ दिन भित्र बोलपत्र खरिद गरी ९ औं दिनको दिन (मिति २०८१/०८/१४ गते) दिनको १२:०० बजेको समय सम्म यस कार्यालयमा शिलवन्दि वोलपत्र पेश गर्न हुन ईच्छुक व्यक्ति, फर्म, संघ संस्था वा कम्पनीलाई यसै सूचना द्वारा आव्हान गरिन्छ। अन्य कुरा बुझ्नु परेमा वा सम्पत्ति तथा माल सामान सवारी साधन हेर्न चाहेमा यस कार्यालयको जिन्सी शाखामा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ। साथै पत्रुको रुपमा लिलाम विक्री हुने सवारी साधन दुई पाङ्ग्रे १२३ थानको **न्युनतम मूल्य रू. ३,९६,१००।- (अक्षरेपी तिन लाख छयानब्बे हजार एक सय रुपैयाँ) मात्र।**

**Gandaki Province Government**
**Ministry of Physical Infrastructure and Transport Management**
**Infrastructure Development Directorate**
**Infrastructure Development Office**
**Manang, Gandaki Province, Nepal**

**Invitation for Online Bids**

**First date of Publication: 21th November, 2024 (2081/08/06)**

1. Infrastructure Development Office, Manang Invites the **Online bids only** under e-procurement system from eligible bidders for the construction of projects mentioned below under National Competitive bidding. All other information and Bid Documents can be downloaded from **PPMO's website www.bolpatra.gov.np/egp** (Portal of Infrastructure Development Office, Manang) or may obtain at office. Interested eligible bidders are requested to submit **E-Bid only** as per instruction within the mentioned period.

| S. N. | Name of Project | Contract ID | Cost of Bid Document (NRs) | Estimated cost (NRs) (Excluding VAT & PS) | Bid Security Amount (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Indradal Gulma Manang ko Barrack Hata bhitra Parade Ground Samma Dhunga Soling Gari PCC Garne, Manang | IDOMANANG/SQ/W/R/2081/82-01 | 1,000.00 | 16,91,700.83 | 50,000/- | |
| **Last date of bid submission: 5th December, 2024 (2081/08/20)** | | | | | | |

2. Information to Deposit the cost of bidding document and bid security in Bank.

| For Purchasing Bidding Document | Cash Deposit for Bid Security |
|---|---|
| Name of the Bank:- Nepal Bank Limited, Manang<br>Name of office:-Infrastructure Development Office, Manang<br>Office Code No :- 3370140014<br>Office's Account No :- 00101000000001001001<br>Rajaswa (Revenue) Shrishak No.:-14229 | Name of the Bank:- Nepal Bank Limited, Manang<br>Name of Office:- Infrastructure Development Office, Manang<br>Office Code No.:- 3370140014<br>Account Name:- KHA 2.3-KO LE NI KA MANANG DHARAUTI<br>Account No.:- 12802000002003000001 |

Karnali Province Government
Ministry of Physical Infrastructure and Urban Development
Infrastructure Development Directorate
**Infrastructure Development Office**
Dunai, Dolpa, Nepal.

**Notice to Open Financial Bids**

**Date of publication: 2081/08/06 (21th November, 2024)**

Persuant to Rule 31 (Ja), sub-rule (5) of Publice Procurement Regulation, 2064, this is hereby notified to all concerned bidders who bid as per our notice having contract ID: IDO/DOP/NCB/W/22/2081/082, published in Prakshyaparn daily dated 2081/06/20 (BS) and the list of substantively responsive bids of successful bidders in technical proposal have been listed below. **List of Successful Bidders:**

| | |
|---|---|
| Contract ID | IDO/DOP/NCB/W/22/2081/082 |
| Project Details | Construction of Mula Dekhi Mukot Hudhi Terang Samma Sadak Nirman, Chharkatansong RM-06-Dolpa, Philing Dekhi Jarkepass Sadak Nirman, Chharkatansong RM-01-Dolpa & Pimri Dekhi Terang Samma Sadak Nirman, Chharkatansong RM -05 –Dolpa Road. |
| list of substantively responsive bids of successful bidders in technical proposal | 1. M/s Kiran Nirman Sewa, Kaikae,Dolpa |

All the qualified bidders in technical bids are therefore, notified to send their authorized representative for financial opening of bid on 28th November, 2024 at (2081/08/13) BS 14:00 hrs in the Infrastructure Development office, Dunai Dolpa.

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

**तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना**

**(प्रकाशित मिति २०८१/०८/०६ गते)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तथा कर्जा नवीकरण गर्ने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला। अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

**तपसिल**

**शाखा कार्यालय: बनेपा, काभ्रेपलाञ्चोक**

**१. ऋणीको विवरण**

प्रदेश सरकार, बागमती प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकमा औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम मिति २०७६/११/०१ मा साझेदारी फर्म दर्ता नं. ४७४२/०७६/०७७ कायम भई दर्ता भएको काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा., वडा नं. ७ स्थित **श्री धनेश्वर प्रिन्ट एण्ड प्याकिजिङ्ग ईण्डष्ट्रिज**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. सन्त लाल श्रेष्ठको नाति, हिराकाजी श्रेष्ठको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, महादेवस्थान गा.वि.स./उ.म.न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **राजेश कुमार श्रेष्ठ (ना.प्र.प.नं. ५५०६९, काभ्रेपलाञ्चोक)**
२. चन्द्रवीर मानन्धरको नाति, मित्रलाल मानन्धरको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, बनेपा गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **गौतम मानन्धर (ना.प्र.प.नं. ५६१०६, काभ्रेपलाञ्चोक)**
३. चेत नारायण मानन्धरको नाति, आश नारायण मानन्धरको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, बनेपा गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **राजेश काजी मानन्धर (ना.प्र.प.नं. ६०६१५, काभ्रेपलाञ्चोक)**
४. विल बहादुर मानन्धरको नाति, धर्म मानन्धरको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, बनेपा गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **हरि शंकर मानन्धर (ना.प्र.प.नं. ४६४१३, काभ्रेपलाञ्चोक)**
५. पाँच नारायण मानन्धरको नाति, विल बहादुर मानन्धरको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, बनेपा गा.वि.स./उ.म.न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **धर्म मानन्धर (ना.प्र.प.नं. ४०४६/२३६०, काभ्रेपलाञ्चोक)**

**शाखा कार्यालय: जनकपुर, धुनषा**

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६९/०७/०३ मा दर्ता नं. १०६९५४/०६९/०७० कायम भई दर्ता भएको धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ९, जनकपुर स्थित **होटल सिटी पार्क प्रा.लि.**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. राम प्रसाद उपाध्यायको नाति, शम्भू प्रसाद ढुङ्गेल उपाध्यायको छोरा, धनुषा जिल्ला, भरतपुर वडा नं. १, स्थित स्थायी ठेगाना भएको **समिर ढुङ्गेल (ना.प्र.प.नं. १२८६६५८८, धनुषा)**
२. शम्भू प्रसाद ढुङ्गेल उपाध्यायको बुहारी, समिर ढुङ्गेलको पत्नी, झापा जिल्ला, चन्द्रगढी गा.वि.स./न.पा वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **हेमता सुवेदी (ना.प्र.प.नं. १८६०१९९५, झापा)**
३. राम प्रसाद उपाध्यायको बुहारी, शम्भू प्रसाद ढुङ्गेल उपाध्यायको पत्नी, धनुषा जिल्ला, भरतपुर वडा नं. १, स्थित स्थायी ठेगाना भएको **विमला ढुंगेल (ना.प्र.प.नं. १२८८४८५४, धनुषा)**

# लोकतन्त्रप्रति भरोसा जगाउन शासन प्रणाली पारदर्शी अनिवार्य : राष्ट्रपति पौडेल

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ मंसिर



राष्ट्रपति रामचन्द्र पौडेलले समाजमा पछाडि परेका क्षेत्र र वर्गको हित तथा आम नागरिकको जीवनस्तर सुधार गरेर यही व्यवस्थामा मात्रै मेरो भविष्य सुरक्षित छ भन्ने जनतालाई भरोसा जागृत गराउनु संघीय लोकतान्त्रिक गणतन्त्रको लक्ष्य भएको बताएका छन्।

राष्ट्रपति भवन शीतल निवासमा बुधबार आयोजित महेन्द्रनारायण निधिको संघर्षमय जीवनीमा आधारित 'नेपालका निधि' नामक पुस्तक लोकार्पण गर्दै उनले संघीय लोकतान्त्रिक गणतन्त्रको यो लक्ष्य पूरा गर्न न्यायपूर्ण, समावेशी र समृद्ध आधुनिक नेपाल बनाउने काममा सबै जुट्नुपर्ने बताए। राष्ट्रपति पौडेलले जनतामा भरोसा जगाउनका लागि शासन प्रणाली पारदर्शी जवाफदेही र सुशासन पहिलो सर्त भएको उल्लेख गरे।

उनले भने, 'सत्ता र शक्तिमा बस्नेका कमजोरीले लोकतन्त्रका शाश्वत मूल्यमान्यता अनि पवित्रतालाई धुमिल बनाउने अवस्था आउन दिन हुँदैन। यो कुरामा ध्यान दिन सके नै लोकतन्त्रको मूल्यमा कसैसँग सम्झौता नगर्ने निधिजीलगायत अग्रजप्रति सच्चा सम्मान हुनेछ भन्ने पनि म ठान्दछु।' राष्ट्रपति पौडेलले महेन्द्रनारायण निधिका बहुआयामिक व्यक्तित्व, नेपालमा लोकतन्त्र स्थापना र पुनर्स्थापना तथा सामाजिक, सांस्कृतिक जागरणबारे जान्न र बुझ्न चाहनेका लागि पनि संग्रहणीय सामग्री हुने स्पष्ट पारे।

उनले महेन्द्रनारायण निधि बिपी कोइराला र समाजवादी नेता डा राममनोहर लोहियाका चिन्तनबाट प्रभावित हुनुभएका महेन्द्रनारायण निधि नेपालको लोकतान्त्रिक आन्दोलनको अग्रणी व्यक्ति भएको भन्दै देशको राजनीति, आर्थिक र सामाजिक परिवर्तनका लागि आफ्नो जीवन समर्पित गरेको स्मरण गरे।

उनले भने, 'जहानियाँ राणाशासन र एकदलीय पञ्चायत मात्र होइन रूढीवादी, पछौटेपन तथा कुसंस्कारबाट मुक्त गरी नेपाली समाजलाई परिवर्तनको उज्यालो मार्गमा अघि बढाउन निधिजीले खेल्नुभएको भूमिका सदैव अनुकरणीय छ। राजनीतिक जीवनका अनेकौं उतारचढावका दिनमा मैले निधिजीलाई अन्यन्त, धैर्यवान्, सरल, सादगी नेताका रुपमा चिन्ने र बुझ्ने मौका पाएको छु।'

# 'रोल्पा र प्यूठानका सडकहरुको काम तीव्र गतिमा गरेका छौं'

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ५ मंसिर




सडक डिभिजन कार्यालय प्यूठानले रोल्पा र प्यूठान जिल्लाभित्र पर्ने प्रमुख राजमार्गहरुको मर्मत सम्भार, स्तरोन्नती तथा पूल निर्माण गर्ने कार्य द्रुत गतिमा अगाडि बढाएको छ।

चालु आर्थिक वर्ष २०८१/०८२ मा डिभिजन कार्यालयको वार्षिक कार्यक्रममा अन्तर्गत ७० करोड बजेट राजमार्गको मर्मत सम्भार, पहिरो नियन्त्रण, पूल निर्माण तथा वैकल्पिक सहायक राजमार्ग स्तरोन्नती लागि बजेट कार्यान्वयन गरिएको डिभिजन प्रमुख विसुनदास लामाले जानकारी दिए। डिभिजनले प्रमुख सडकमार्गहरु गनाहा चकचके लिवाङ सडक, चकचके खलंगा चुजाठाँटी सडक, भींग्री स्वर्गद्धारी हलेरी सडकको स्तरोन्नती तथा मर्मत सम्भार द्रुत गतिमा अगाडि बढाएको हो। त्यसैगरी वैकल्पिक सहायक राजमार्गहरुमध्ये रोल्पा तथा प्यूठान जिल्लाका लागि विनियोजन भएको करिव २५ करोड बजेटकोबाट २५ वटा योजनाहरुको निर्माण तथा स्तरोन्नती गर्ने काम ठेक्का प्रकृया पूरा गरी निर्माण कार्य अगाडि बढेसँगै स्थानीयबासी हर्षित भएका छन्। अहिले पनि सडकहरुको निर्माण कार्य यसै आर्थिक वर्षमा सम्पन्न गर्ने गरी निरन्तर चलिरहेको डिभिजन कार्यालयका सूचना अधिकारी कमल पुनले बताए।

प्यूठान जिल्लाभित्र रहेको गनाहा, चकचके सडक अन्तर्गत पर्ने गर्जेनी तथा जामुने भीरमा वर्षेनी वर्षायाममा पहिरी तथा लेदो भगेर रोल्पा, प्यूठानदेखि यात्रा गर्ने यात्रीहरुलाई सास्ती दिएको प्यूठानबासीले गुनासो गर्दै आएका छन्। यस वर्ष यी दुई प्रमुख भीरको पहिरो रोकथाम गर्न सडक डिभिजन प्यूठानले १० करोडको ठेक्का लगाइ काम शुरु गरेको सूचना अधिकारी पुनले दाबी गरे। पहिरो नियन्त्रणको बजेट विनियोजन पूर्व, सडक विभागबाट समेत उपमहानिर्देशक स्थलगत अनुगमन गर्न आएका थिए। यस आर्थिक वर्षमा यात्रीहरुलाई सास्ती महसुस नहुनेगरी मुख्य दुई स्थान गर्जेनी र जामुनेको आधुनिक प्रविधि एन्करिङ, सोइल, नेलिङ गरेर पहिरो नियन्त्रणको कार्यलाई सम्पन्न गर्ने लक्ष्य रहेको सडक डिभिजन प्रमुख लामाले बताए। विगतमा अर्घखाँची, कपिलवस्तु जिल्लामा यस्तै प्रकृतिक काम गरेका लामा अनुभवी प्रमुख मानिन्छन्। साथै, लामो समयदेखि रुग्न रहेका प्यूठान जिल्लाभित्र रहेका पूलहरु सम्पन्न गर्न निर्माण व्यवसायीलाई पटक-पटक ताकेता गरिएको लामाले दाबी गरे। सडकको काम नगर्ने व्यवसायीलाई कालो सूचीमा हाल्ने तयारी भएको उनले बताए। लामाले भने,'हामिले पटक-पटक जिल्ला समन्वय समितिको कार्यालयमा बैठक राखेर छलफल गरेका छौं। काम नगर्नेलाई कालो सूचीमा राखेर कारबाही गर्छौं।' अब सडकका योजनाहरुले निर्माणको गति लिने र आयोजनाहरु समयमा नै सम्पन्न गरिने प्रमुख लामाले बताए।

# काठमाडौंमा सात देशको कला प्रदर्शनी

**काठमाडौं/मस–** काठमाडौंस्थित नक्सालमा सात देशका कलाकारले सिर्जना गरेका कलाको प्रदर्शनी सुरु भएको छ। नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान र सोसाइटी फर प्रवल प्रमानिक्स एकेडेमी अफ आर्टस्, भारतको संयुक्त आयोजनामा यहाँ 'अन्तर्राष्ट्रिय कला प्रदर्शनी तथा कार्यशाला' सुरु भएको छ।

कार्यक्रमको प्रतिनिधिसभा सदस्य रघुजी पन्त र प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीलगायत अन्तर्राष्ट्रिय कलाकारहरूले संयुक्तरूपमा उद्घाटन गरे। प्रतिनिधिसभा सदस्य पन्तले यस्ता कार्यक्रममार्फत कला, संस्कृतिको आदानप्रदान हुने विचार व्यक्त गरे। उनले यस्ता प्रदर्शनी र कार्यशाला विभिन्न देशमा आयोजना हुन जरुरी रहेको र यसले पर्यटन विकासका साथै आपसी सम्बन्ध विस्तारमा समेत योगदान पुग्ने बताए।

उद्घाटन समारोहमा नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले कार्यक्रमले सातवटा देशका कलाकारसँग साक्षत्कार गर्ने अवसर दिनुका साथै कला, संस्कृतिको आदानप्रदानमा सहयोग गरेको बताए।

श्रीलंकाका कलाकार महेस चतुरंग एकनायकेले नेपाल आएर कला प्रदर्शनीमा सहभागी हुन पाएकामा खुसी व्यक्त गर्दै सात देशका कलाको अभ्यास शैली, संस्कृतिका बारेमा बुझ्ने अवसर मिलेकोमा आयोजकलाई धन्यवाद दिए।

बंगलादेशकी कलाकार रुविना नार्गिसले यस कार्यक्रममा सहभागी हुन पाउँदा धेरै खुसी लागेको बताए। सोसाइटी फर प्रवल प्रमानिक्स एकेडेमी अफ आर्टसका अध्यक्ष अरूप चन्द्रले नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानसँग सहकार्यमा कार्यक्रम आयोजना हुनु नै खुसीको कुरा भएको बताए।

प्रदर्शनीमा नेपालसँगै भारत, श्रीलंका, मौरिसस, बंगलादेश, स्पेन, अर्जेन्टिनाका ७५ जना कलाकारका एक सय ५० भन्दा बढी कलाकृति समावेश गरिएको छ। बुधबारदेखि सुरु भएको प्रदर्शनी मंसिर ७ गतेसम्म चल्ने प्रतिष्ठानले जानकारी ि दएको छ।

यूएईमा रोजगार
कम्पनी: AL MARJAN ALDAHBI LIFEGUARD SERVICES — शहर: UAE
पुर्व स्वीकृत मिति: २०८०/१२/२१ — चलानी नं.: ६०२१७८१३ — L.T. No.: 302964 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Life Guard | 28 | 0 | | 1200 | ४४०२८ | | | | | | | |
| 3. | Security Guard | 20 | 0 | | 1200 | ४४०२८ | | | | | | | |

कम्पनी: AL MARJAN ALDAHBI LIFEGUARD SERVICES — शहर: UAE
पुर्व स्वीकृत मिति: २०८०/०२/१६ — चलानी नं.: ६०२०२१८३ — L.T. No.: 286884 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Life Guard | 0 | 2 | स. काममा दक्ष | 1200 | ४४,०२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १३ गते (28 November 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

HIMALAYAN GORKHA HR SOLUTION PVT LTD — Gov. Lic. No. 1586/079/80
Pulchowk, Lalitpur, Nepal | Ph. No.: 01-5915660, Mobile: 9869009640 | 9849913982 | 9810274885 | 9851168772 | 9767301551, E-mail: himalayangorkhahr15@gmail.com | Website: www.himalayangorkhahr.com.np

KUWAIT मा रोजगार — KAFEK SWEETS & RESTAURANT COMPANY
पुन विज्ञापन, पुर्व स्वीकृती मिति: २०८१/०४/३२ — चलानी नं.: ६०२२३७३३ — LT No.: 309110

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | खाना सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|
| १. | Waiter | 23 | 0 | 120 | 83,000/- | छ | छ |
| २. | Waiteresses | 0 | 8 | 120 | 83,000/- | | |

अन्तरवार्ता २०८१ मंसिर १३ गते (28 Nov., 2024) यस प्रा. लि. को कार्यालय मिनभवन, काठमाडौंमा हुनेछ।

GULF EMPIRE COMPANY PVT. LTD. — Lic. No.: 1599/079/80
Minbhawan, Baneshwor, Kathmandu, Tel.: 01-4115960/61, 9813287287, 9801315959, 98510095704, 9801106264, Email: gulfempirenepal@gmail.com, URL: gulf-empire.com

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंक बाट ग वर्गको इजाजतपत्र प्राप्त संस्था)
ॐकार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
जि.पि.ओ. बक्स: २३१७०, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्स : ९७७-१-४७९२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

## कर्जा चुक्ता/नियमित गर्न, गराउन आउन तथा नआएमा कालो सूचिमा राख्ने बारेको ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति: २०८१/०८/०६**

यस वित्तयि संस्थाको शाखा कार्यालय टाडी बाट कर्जा लिने देहाय बमोजिमका ऋणीले ऋण लिदा गरिदिनु भएको लिखत र कर्जा स्विकृत पत्रको शर्तमा तोकिए बमोजिम वित्तयि संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पुर्ण बाँकी बक्यौता रकम म्याद भित्र चुक्ता-भुक्तान नगर्नु भएकोले यस वित्तीय संस्थाबाट पटक/पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाउनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। उक्त म्याद भित्र यस वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुरहरु समेतका लेना रकम बुझाउनु हुन/बुझाउन लगाउनु हुन सम्बन्धीत ऋणी तथा सम्बन्धीत पक्षहरुलाई सूचित गरिएको छ। उक्त सूचनाको म्याद भित्र बक्यौता भएको सम्पुर्ण कर्जा रकम वित्तीय संस्थालाई चुक्ता भुक्तान नगरी अटेर गरि बसेमा ऋण लिंदाका बखत यस वित्तीय संस्थालाई लेखिदिनु भएको धितोबाट र कथंमकदाचित उक्त धितोबाट असुल उपर हुन नसकी बाँकी रहेको रकम ऋणी वा निजको एकासगोल परिवारका नाउँमा रहेको अन्य चल-अचल सम्पत्ति, ऋण लिदा जमानि दिने का नाममा रहेको वा निजको हकको चल-अचल सम्पत्तीबाट समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी वित्तीय संस्थाको लेना रकम असुल उपर गरिलिने तथा ऋणी तथा सम्बन्धीत अन्य पक्षहरुलाई समेत नेपाल राष्ट्र बैंकबाट क, ख र ग वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन नं. २०८० को १२(९) बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत पुर्व जानकारीका लागि यो सूचना प्रकाशित गरि सूचित गरिएको छ।

**तपशिल:**

**१. ऋणीको विवरण**

| ऋणीको नाम : नरेश वानिया क्षेत्री | व्यक्तिगत जमानिकर्ता : मिना कार्की |
|---|---|
| बाबु : वावुराम वानिया क्षेत्री | बाबु : श्याम बहादुर कार्की |
| बाजे : क्षेत्र बहादुर वानिया क्षेत्री | पती : नरेश वानिया क्षेत्री |
| ना.प्र.नं. :२३/३०५ | ना.प्र.नं. : ६१५८५ लमजुङ |
| जारी मिति :२०५९/०१/२२ | जारी मिति : २०६३/०८/१४ |
| (दोस्रो प्रतिलिपि २०७२/०८/११), जि.प्र.का.:मकवानपुर | (प्रथम प्रतिलिपि २०७६/०२/२०) |
| ठेगाना : मकवानपुर जिल्ला हेटौडा न.पा. वडा नं. ८ को परिवर्तित हेटौडा उ.म.न.पा. वडा नं. ८। | जि.प्र.का : मकवानपुर |
| **कर्जाको प्रकार : आवाश कर्जा** | ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा.वडा नं. ८। |

UAE मा रोजगार — EVERSENDAI ENGINEERING LLC — पुन विज्ञापन : पूर्व स्वीकृती मिति: २०८०/११/१६ — चलानी नं.: ६०२१५६३६ — LT No. 300798

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
